# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ८९ | काठमाडौं | शनिबार, ५ साउन २०८१ | Prabhab National Daily | Saturday, July 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सुर्तीजन्य पदार्थका तत्कालिन असर**

**सुर्तीजन्य पदार्थको सेवनले:**

- झुम्म पार्ने,
- मस्तिष्क सुस्त हुने,
- रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल)को मात्रा बढ्ने,
- आँखा, घाँटी र मुखमा अप्ठ्यारो महसुश हुने,
- हात काम्ने,
- पेटमा अम्लको मात्रा बढ्ने,
- छालाको तापक्रम घट्ने,
- मुटुको धड्कन बढ्ने

**जस्ता तत्कालिन असरहरू देखिन सक्ने भएकोले सूर्तीजन्य पदार्थको सेवन नगरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## काठमाडौंको ढलमा देखियो पोलियो जीवाणु

**काठमाडौं (प्रस)–** काठमाडौंको ढलमा पोलियो जीवाणु (भाइरस) देखिएको छ । स्वास्थ्य सेवा विभागले शुक्रबार यहाँ आयोजना गरेको 'पोलियो रोग र निगरानी' विषयक अन्तरक्रिया कार्यक्रममा विभागका बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले काठमाडौंको टुकुचा खोला र बागमती नदीको संगमस्थल टेकुको ढलमा पोलियो जीवाणु भेटिएको बताए ।

दुई नदीको संगमस्थलबाट संकलन गरिएको ढलको नमूनामा पोलियो जीवाणु भेटिएको प्रमुख डा. गौतमले बताए । ढलमा पोलियो जीवाणु देखिएको पहिलोपटक हो । नेपालमा सन् २०१० मा अन्तिमपटक मानिसमा पोलियो जीवाणु देखिएको थियो । नेपाल सन् २०१४ पोलियोमुक्त मुलुक भएको थियो । सरकारले सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने लक्ष्य राखेको छ ।

'अहिले पोलियो जीवाणु ढलमा देखिएको हो । पोलियोको जीवाणु जहाँ देखिए पनि संवेदनशील विषय हो,' उनले भने, 'ढलमा देखिनुले कतै व्यक्तिमा पनि छ कि भन्ने आशंका छ ।' खोप शाखा प्रमुख डा. गौतमले ढलमा जीवाणु देखिनु संवेदनशील भएको उल्लेख गर्दै व्यक्तिमा जीवाणु छ कि भनेर खोजबिन गरिने बताए । उनका अनुसार थाइल्यान्डको बैंककमा ढलमा संकलन गरिएको नमूना परीक्षण गर्दा गत असार २९ गते पोलियो जीवाणु देखिएको पुष्टि भएको हो । ढलको नमूना संकलन भने गत जेठ १३ गते दुई नदीको संगमस्थलबाट गरिएको हो ।

नेपाल पोलियो उन्मूलन भएको १० वर्षपछि पोलियोको जीवाणु भेटिएको हो । उनका अनुसार उक्त पोलियोको जीवाणु प्राकृतिक रूपमा पाइने 'वाइल्ड पोलियो' नभएर 'भ्याक्सिन डिराभ्ड पोलियो टाइप-३' जीवाणु हो । 'टुकुचा र बागमतीको संगमस्थल टेकुमा देखिएको हुनाले पोलियो भाइरस काठमाडौं उपत्यकाबाट नै आएको हुनसक्छ,' उनले भने ।

उपत्यकामा पोलियोको जीवाणु भेटिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाडौं, ललितपुर र भक्तपुरमा पोलियो रोगविरुद्धको खोप अभियान सञ्चालन गर्दै छ ।

(क्रमशः पृष्ठ २ मा)

# अल्ट्रा ट्रेल दौडमा चम्कँदै नेपाली नारी

गाउँघरका अप्ठ्यारा बाटोमा हिँड्न सिकेका उनीहरूका पाइला यतिबेला विश्वका विभिन्न देशमा आयोजना हुने प्रतियोगितामा दौडिरहेका छन् । कति लहैलहैमा त कतिपय रहरले दौडिन सुरु गरेका उनीहरु अहिले यसैमा 'करिअर' खोजिरहेका छन् । त्यतिमात्रै होइन, दौडिएरै नेपाल र नेपालीको नाम विश्वमा चम्काइरहेका छन् ।

**■ कमलकुमार बस्नेत**



**काठमाडौं–** उनीहरू अधिकांशको बाल्यकाल पहाडी र हिमाली क्षेत्रमा घाँसदाउरालगायतका दैनिकीमै बित्यो । पहाडका उकाली र ओराली छिचोल्दै अघि बढेका उनीहरूका पाइला कतिबेला दौडिन थाले उनीहरू आफैंले मेसो पाएनन् । गाउँघरका अप्ठचारा बाटोमा हिँड्न सिकेका उनीहरूका पाइला यतिबेला विश्वका विभिन्न देशमा आयोजना हुने प्रतियोगितामा दौडिरहेका छन् ।

कति लहैलहैमा त कतिपय रहरले दौडिन सुरु गरेका उनीहरू अहिले यसैमा 'करिअर' खोजिरहेका छन् । त्यतिमात्रै होइन, दौडिएरै नेपाल र नेपालीको नाम विश्वमा चम्काइरहेका छन् । धावकका रूपमा करिअर बनाउँदै गरेका उनीहरूलाई थप प्रतिस्पर्धी बनाउन र अन्तर्राष्ट्रियस्तरमा अवसर दिलाउने सहयोगी भूमिका निर्वाह गरिरहेको छ, मञ्जुश्री ट्रेल रेसले । मञ्जुश्रीले विभिन्न आयोजनामार्फत उनीहरूलाई विभिन्न अवसर प्रदान गर्नुका साथै थप प्रतिस्पर्धी पनि बनाउँदै लगेको छ । आज हामी केही नेपाली महिला धावकबारे चर्चा गर्दैछौं ।

### **निर्मला राई**, खोटाङ

खोटाङकी ३३ वर्षीया निर्मला राईले नेपालको सबैभन्दा लामो मञ्जुश्री ट्रेल रेस १०० माइल अर्थात् १७० किलोमिटरको दूरी ३४ घण्टा ५४ मिनेट ३० सेकेण्डमा पूरा गरी कीर्तिमानी जित दर्ता गरिन् । उनले यस रुटमा कायम यसअघिको कीर्तिमानलाई विनाकुनै प्रशिक्षण एक घन्टाभन्दा बढी समयले तोडेकी हुन् । उनी अब आफूलाई अन्तर्राष्ट्रिय धाविकाका रूपमा स्थापित गर्ने योजनामा छिन् ।

निर्मलाले अल्ट्रा रेस दौडन थालेको धेरै समय भएको छैन । तर छोटो समयको अथक प्रयासमा उनले कयौं दौड जितेकी छन् । यस क्षेत्रमा लाग्नुको श्रेय भने उनी अन्तर्राष्ट्रिय धाविका प्रिया राईलाई दिन्छिन् । प्रियाले नै आफूलाई दौडनका लागि जहिल्यै हौसाएको उनको भनाइ छ । गाउँबाट काठमाडौं आएकी उनी दौडामा लाग्नुअघि जीविकोपार्जनका लागि कहिले मार्केटिङ त कहिले सुरक्षागार्डको पनि काम गरिन् । विभिन्न पसल चाहर्दै फाइनान्सका लागि पैसा उठाउनेदेखि होटलमा भाँडासमेत माझिन् ।

निर्मलाले पहिलोपटक नुवाकोटको झिल्टुङ क्रस कन्ट्री दौडमा भाग लिइकी थिइन् । उनी १२.५ किलोमिटर दौडमा चौथो भएकी थिइन् । उनी आफूलाई पहिलो सहभागिताबाटै अपेक्षाकृत सफलता मिलेपछि थप हौसला मिलेको बताउँछिन् । उक्त दौडपछि प्रियाले विभिन्न प्रतियोगितामा भाग लिन थालिन् । वीर गणेशमान दौड प्रतियोगितामा शीर्ष १० मा परेपछि उनको तारिफ भयो ।

निर्मलाले गत वर्ष अप्रिलमा १३० किलोमिटरको मनास्लु ट्रेलमा सहभागी भइन्, र तेस्रो भएकी थिइन् । धावकका लागि मुख्य सहयोगी जुत्ता नै हो । जति राम्रो जुत्ता भयो दौडनका लागि त्यति नै सहज हुन्छ । धावनका लागि जुत्ता किन्न निकै महँगो हुने गरेको उनको भनाइ छ । त्यसैले विदेशी प्रायोजक भएका प्रतियोगितामा दौडन सहज हुने उनले सुनाइन् । दौडलाई निरन्तरता दिनका लागि पनि राम्रो प्रायोजकको साथ आवश्यक भएको उनको बुझाइ छ ।

### **अनिता राई**, भोजपुर

भोजपुर षडानन्द नगरपालिकाकी अनिता राईलाई सुरुमा मानिस किन दौडिन्छन् भन्ने थाहै थिएन । पोखरामा पर्यटक पथप्रदर्शकका रूपमा कार्यरत रहँदा कहिलेकाहीँ धावकहरू भेटिन्थे । तर उनलाई यी धावकहरूको यो दौडाइको उद्देश्य बुझ्दिन्थिन् । तर सन् २०११ मा अरू कसैले उक्साएकै भरमा दौडने योजना बनाइन् ।

उनी आफ्नो पहिलो प्रतियोगिताको अघिल्लो दिन आयोजकको सम्पर्कमा आएकी थिइन् । आयोजकले दौडनुपर्छ मात्रै भनिदिए । भोलिपल्ट दौड सुरु हुने ठाउँमा पुगिन् । अरू धावकले सोहीअनुसारको पोसाक र जुत्ता लगाए पनि उनी भने सामान्य टिसर्ट, हाफ पाइन्ट र चप्पलमै पुगिन् । रातको समय पनि दौडनका लागि लाइट हुनुपर्ने भए पनि उनीसँग केही थिएन । थियो त केवल शक्ति र आत्मबल । उनी ५० किलोमिटरको उक्त दौडमा तेस्रो भइन् । पुरस्कारस्वरूप पाँच हजार पाइन् । आफू कार्यरत अफिसबाट पनि सम्मान पाएपछि भने दौडको महत्त्व बुझ्न थालिन् । उनले त्यसपछिका प्रायः दौडमा भाग थालिन् । केही दौडमा विजयी पनि भइन् ।

उनी सन् २०२१ मा दौड प्रशिक्षणका लागि काठमाडौं आइन् । नौ महिना प्रशिक्षण लिएर मञ्जुश्री ट्रेल रेसमा सहभागी भइन् । उक्त दौडमा उनी दुई पटकसम्म १०० माइलको महिलातर्फ पहिलो र तेस्रोपटक दोस्रो भइन् । मञ्जुश्री ट्रेल रेसमा दुई पटकसम्म प्रथम हुँदा उनले अन्तर ाष्ट्रिय प्रतियोगितामा भाग लिने अवसर पाइन् । दौडकै सिलसिलामा स्वीजरल्याण्ड, थाइल्याण्ड, फ्रान्सलगायतका मुलुक पुगिन् । अहिले उनी आफ्नो दौडलाई निरन्तरता दिँदै अरूलाई प्रशिक्षण पनि दिँदै आएकी छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सिमलताल दुर्घटना**

# दुई शव भारतको चम्पारणमा फेला

- बेपत्ता भएका दुईवटा बसमा रहेका ६५ यात्रुमध्ये २३ जनाको शव फेला
- मृतकमध्ये १५ जनाको सनाखत
- आठ पुरूष र एक महिला गरी नौ शवको सनाखत हुन बाँकी



फाइल तस्बिर

**काठमाडौं–** चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन खण्डको सिमलतालमा लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बसमा रहेका ६५ यात्रुमध्ये २३ जनाको शव फेला परेको छ ।

सशस्त्र प्रहरी बलले उपलब्ध गराएको तथ्यांकअनुसार शुक्रबार बिहान १०:५० बजेसम्म मृतकमध्ये १५ जनाको सनाखत भएको छ । आठ पुरुष र एक महिला गरी नौ शवको सनाखत हुन सकेको छैन ।

भारतको बिहार सीतामणिका २८ वर्षीय ऋषिपल साह र २७ वर्षीय विवेक कुमार, पश्चिम चम्पारण बेतिया थानाका ३० वर्षीय जयप्रकाश ठाकुर र बेतिया मझेलिया थानाका ३० वर्षीय सजाद अन्सारीको शव सनाखत भई आफन्तले बुझेका छन् ।

चितवनको माडी... नगरपालिका-१ का २२ वर्षीय विकास परियार, सर्लाहीको वरथहवा नगरपालिका-३ का १९ वर्षीय रमितकुशर माझी, भरतपुर महानगरपालिका-२२ पटिहानीका २३ वर्षीय सुदीप विक, बाराको विश्रामपुर गाउँपालिका-६ का ४३ वर्षीय परमानन्द पण्डित र रौतहटको चन्द्रपुर नगरपालिका-१० का बस चालक ४३ वर्षीय किशोरकुमार चौधरीको शव सनाखत भएको छ ।

रौटहटको गरुडा नरपालिका-९ का नौ वर्षीय अशोककुमार यादव, रौतहटको परोहा नगरपालिका-६ का ४० वर्षीय ऋषिकुमार सिंह, सर्लाहीको रामनगर गाउँपालिका-३ का जितेन्द्रराम महरा, पर्साको सखुवा प्रसौनी गाउँपालिका-२ का २८ वर्षीया चन्द्रप्रभा कुमारी र रौतहटको बौधिमाई नगरपालिका-७ का २ ९ वर्षीया अमृता कुमारीको शव सनाखत भई आफन्तले बुझी लगेका सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।

थापाका अनुसार शव चितवनको गोलाघाट, सालबास र सिसवार, नवलपुरको गैंडाकोट, भुताहा, त्रिवेणी व्यारेज क्षेत्रलगायत घटनास्थलबाट तटीय क्षेत्रमा फेला परेका हुन् । गत असार २८ गते बिहान ३ बजे सिमलताल भन्ने स्थानमा वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बर र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४५९ नम्बरको बस लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएका थिए ।

पछिल्लो तथ्यांकअनुसार वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बसमा टिकट काटेका २७ र अन्य ११ गरी ३८ तथा काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बसमा टिकट काटेका २३ र अन्य चार गरी जम्मा २७ जना यात्रु सवार रहेका प्रहरीले जनाएको छ । टिकट नकाटी बसमा यात्रा गरेका यात्रीका आफन्तजनले दुर्घटनापछि प्रहरीमा आफन्तको विवरण उपलब्ध गराएका थिए । दुई बसमा ६५ यात्रु सवार रहेका खुलेको छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

## अल्ट्रा ट्रेल...

**आङफुर्बा शेर्पा**, सोलुखुम्बु

सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिकामा जन्मिएकी आङफुर्बा शेर्पा स्नातक अध्ययन गरिरहेकी छन् । विद्यालयमा छँदै दौड प्रतियोगितामा भागि लिएकी उनले अहिले पनि दौडलाई निरन्तरता दिएकी छन् । उनले साढे दुई वर्षअघि दाइको सुझावमा एभरेस्ट ट्रेलमा भाग लिइन् । त्यसपछि २५ किलोमिटरको दौडमा उनले दुई वर्षसम्म लगातार उपाधि जितिन् ।

शेर्पा गत वर्षको एभरेस्ट म्याराथनमा विजेता बनिन् । बेसक्याम्पदेखि नाम्चेसम्मको ७० किलोमिटर दौडको महिला धावकमा उनी उत्कृष्ट ठहरिन् । त्यति मात्रै होइन, उनले आर्मी र पुरुषहरूसँगको दौडसमेत भाग लिएकी छन् । जहाँ उनले दुवैतर्फमा १०औं स्थानमा परेकी थिइन् ।

सोलुखुम्बुमै रहँदा उनी आमाबुबासँगै चौंरी चराउन जान्थिन् । विद्यालय जान मात्रै दुई घण्टा लाग्थ्यो । उनी भन्छिन्, 'सायद त्यही बेलादेखि नै दौडने बानी परेको थियो । उकाली ओराली गर्दा दौडने बानी परेको हुनसक्छ ।' विगतमा भलिबल, फुटबललगायतका खेलमा सक्रिय उनी अहिले आफूलाई दौडमा मात्रै सीमित गरेकी छन् । उनी हालै सम्पन्न मञ्जुश्री ट्रेल रेसमा पहिलो पटक सहभागी हुँदै १०० माइलतर्फ तेस्रो भइन् । उनी अब दौडको प्रशिक्षण पनि लिने योजनामा छिन् । त्यसपछि अन्तरर्ाष्ट्रिय दौडमा भाग लिने सपना पनि देखेकी छन् ।

**पदमकुमारी सुनुवार**, ओखलढुंगा

ओखलढुंगाकी पदमकुमारी सुनुवारलाई सामान्य दौड प्रतियोगितामा भाग लिए पनि ट्रेल रेसबारे जानकारी नै थिएन । दौडमा रुचि राख्ने उनले अन्तर्राष्ट्रिय धाविका मिरा राईलगायतको नाम भने सुनेकी थिइन् । उनले सन् २०२१ उनले आफूले देखेको सपना पूरा गर्ने अवसर पाइन् । गाउँमै सम्पन्न ४२ किलोमिटर दूरीको दौडमा भाग लिएकी उनी पाँचौं भइन् । सो प्रतियोगिताको अतिथिमा मिरा राईलगायत खेलाडी थिए । सुनुवारले देखाएको उत्कृष्ट प्रदर्शनपछि उनीहरूले नै प्रशिक्षणको अवसर दिएका थिए । प्रशिक्षणका लागि सुनुवार काठमाडौं आइन् । केही समय प्रशिक्षण लिएपछि दौडलाई निरन्तरता दिइन् ।

उनले हालै सम्पन्न मञ्जुश्री ट्रेलको १०० किलोमिटरको दौड २३ घण्टा ५६ मिनेट २२ सेकेण्डमा पूरा गरी महिलातर्फ प्रथम भइन् । उक्त प्रतियोगितामा भाग लिने रहर पूरा भएकामा उनी निकै खुसी देखिन्थिन् ।

पछिल्लो समय उनी काठमाडौंमै रहेर दौडलाई निरन्तर अगाडि बढाएकी छन् । हालै मात्र पनि उनले २८ दिनमा ९०० किलोमिटर दौडिइन् । जसमा उनी महिला तथा पुरुष दुवैमा पहिलो भइन् । अन्तर्राष्ट्रिय मुलुकमासमेत दौडिसकेकी उनले आगामी दिनमा पनि दौडलाई नै अगाडि बढाउने योजनामा छिन् ।

**अनिता राई**, सोलुखुम्बु

सोलुखुम्बु महाकुलुङकी अनिता कुलुङ राई पोखरामा दिदीसँग बस्दै गर्दा आम्दानीका लागि साइकल सर्भिसिङको काम गर्थिन् । साइकल सर्भिसिङका क्रममा उनी साइकल दौडाउन सिपालु भइसकेकी थिइन् । यही क्रममा उनले नेपालका विभिन्न स्थानमा जस्तै भारतका केही स्थानमा साइकल कुदाउँदै पुगिन् । यसै क्रममा उनले साइकल चलाएर केही प्रतियोगिता पनि जितिन् ।

तर उनी यतिमा मात्रै सीमित हुन चाहन्नथिन् । उनको मनमा अझै केही गर्न पाएहुन्थ्यो लागिरहेको थियो । सोही समयमा पोखरामा दौड प्रतियोगिता आयोजना हुँदै छ भन्ने समाचार उनको कानमा पर्‍यो । विद्यालयमा अध्ययनरत उनको परीक्षा पनि नजिकिँदै थियो । यस्तो अवस्थामा शिक्षकहरूले पनि उनलाई उक्त प्रतियोगितामा भाग लिन सुझाव दिए । उनले शिक्षकको सुझाव ग्रहण गरिन् । चार हजार मिटरको दौडमा पहिलोपटक भाग लिएकी उनी विजेता बनिन् ।

त्यहाँबाट पाएको सफलताले उनलाई दौडलाई निरन्तरता दिन हौसल दियो । तर घर परिवारले भने दौडेर जीवन खर्च गर्नुभन्दा विदेश गएर पैसा कमाउन भनिरहेका थिए । परिवारको उक्त सुझावविपरीत भाइले भने दौडनका लागि उत्सह भरिदिए । सोही समयदेखि दौडमा होमिएकी उनले हालसम्म दौडेरै कयौं सफलता पाइसकेकी छन् । केही समयअघि सम्पन्न काठमाडौंमा सम्पन्न मञ्जुश्री ट्रेल रेसअन्तर्गतको १०० माइलको दौडमा उनी दोस्रो भइन् । यो सफलताले उनलाई अब अन्तर्राष्ट्रिय प्रतियोगितामा दौडनका लागि ऊर्जा थपेको छ ।

**प्रिया राई**, खोटाङ

खोटाङकी प्रिया राई कक्षा ९ पढ्नका लागि काठमाडौं आएकी थिइन् । अध्ययनका क्रममा उनले तेक्वान्दो प्रशिक्षण लिइन् । तेक्वान्दो प्रशिक्षणका क्रममा उनलाई अब यही क्षेत्रमा लाग्नुपर्छ भन्ने लागेको थियो । तर यसैबीच उनलाई कसैले ट्रेल रनिङबारे सुनाइदिएको थियो । तेक्वान्दोमा रमाइरहेकी उनले एक्कासि भोजपुरमा आयोजना भइरहेको ट्रेल रनिङमा पहिलो पटक भाग लिन पुगिन् । उनका अनुसार त्यो बेलासम्म दौडमै पनि करिअर बनाउन सकिन्छ भन्ने थाहा थिएन रे । 'पहाडका उकालो र ओरालोमा दौडनुपर्ने रहेछ । उक्त प्रतियोगितामा भाग लिइसकेपछि उनले अब तेक्वान्दो नभई यसै क्षेत्रलाई करिअर बनाउँछु भन्ने लागेको हो,' उनले भनिन् । हाल उनी यसै क्षेत्रमा निरन्तर क्रियाशील छन् ।

**रसिला तामाङ**, धादिङ

धादिङकी सन् २०१५ मा अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा ललितपुरको जावलाखेलमा आयोजना गरिएको एउटा तालिममा रसिला तामाङले भाग लिने अवसर पाएकी थिइन् । कार्यक्रममा सँगै गएकी दिदीले त्यो कार्यक्रम छाडेर अर्को कार्यक्रममा जान कर गरिन् । दिदीले भनेको अर्को कार्यक्रम दौड प्रतियोगिता रहेछ । सोही दिवसको आयोजनामा महिलाबीच दौड प्रतियोगिता आयोजना गरिएको रहेछ । तर सहभागीले अधिकांश जिन्स पाइन्ट र जुत्ता पहिरिएका थिए । उनी तुरुन्तै कोठामा पुगिन् र सोही पोसाकमा पुनःकार्यक्रममै फर्किइन् ।

लाइनमा करिब ४०० महिला दौडनका लागि तयारी अवस्थामा थिए । उनी पनि त्यही भीडमा मिसिइन् । दौडने संकेत पाएसँगै उनी पनि भीडमा दौडिइन् । त्यो दौड रसिलाका लागि पहिलो थियो । पाँच किलोमिटर दूरीको उक्त दौडमा रसिला दोस्रो भइन् । पहिलो दौडमै सफलता पाएकी उनले त्यसपछि दौडमै आफूलाई केन्द्रित गरिन् । पछि विस्तारै अन्य प्रतिस्पर्धामा पनि भाग लिन थालिन् र अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि भाग लिन थालिन् । हालै सम्पन्न मञ्जुश्री ट्रेल रेसमा ५० किलोमिटरतर्फ उनी दोस्रो भइन् । उनले दौडकै सिलसिलामा एक दर्जनभन्दा बढी मुलुक पुगिसकेकी छन् । हाल उनी दौडमै करिअर बनाउनेगरी सक्रिय छिन् ।

**छोकी शेर्पा**, ओखलढुंगा

ओखलढुंगाकी छोकी शेर्पा एसएलसी सकेर उच्च शिक्षाका लागि काठमाडौं आएकी थिइन् । गाउँकै साथीहरू दौड प्रतियोगितामा भाग लिएको देखेर उनी पनि यसमा आकर्षित भएकी रहिछन् । साथीहरूको संगतले उनी पनि यसैमा जोडिँदै गइन् । सन् २०१८ मा उनले पहिलोपटक औपचारिकरूपमा दौड प्रतियोगितामा सहभागी भइन् । उनको पहिलो दौड ३०० किलोमिटरको अन्नपूर्ण सर्किटमा थियो । सात किलोसम्मको भारी बोकेर १२ दिनमा पूरा गर्नुपर्ने सो दौडमा उनी सफल भइन् । त्यसपछि हो दौडप्रति उनको लगाव अझ बढ्यो ।

दौडका क्रममा उनी विभिन्न देश पुगेकी छन् । हालै सम्पन्न मञ्जुश्री ट्रेल रेसको ५० किलोमिटर दौडमा उनी पहिलो भइन् । उनी दौडकी कारण आफू संकुचित हुन नपाएको बताउँछिन् । दौडमार्फत प्रकृतिको अवलोकन गर्न पाएको र त्यससँगै आफूलाई जोडिन पाएको उनको बुझाइ छ । उनले पहिलो दौडमा लगाएको कन्भर्स जुत्ताले बनाएको घाउको अझै पनि सम्झना आउँछ । पछिल्लो समय उनले भाग लिएको काठमाडौं भ्याली रिम च्यालेञ्जमा उनी पहिलो बनिन् । *रासस*

## काठमाडौंको ढलमा...

परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले जन्मेदेखि पाँच वर्षमुनिका बालबालिकालाई घरघर गएर पोलियो रोगविरुद्धको 'आइपिभी' खोप अभियान सञ्चालन गर्न थालिएको बताए । उनका अनुसार खोप यही साउन ९ देखि १२ गतेसम्म दुई लाख ८० हजार बालबालिकालाई उक्त खोप लगाइने छ । अभियानसँगै घर र अस्पताल पोलियोको जीवाणु छ कि छैन भनेर पनि परीक्षण गरिने उनले उल्लेख गरे । कार्यक्रममा मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले पोलियो भाइरसले मानिस संक्रमित नहुन भनेर खोप अभियान सञ्चालन गरिएको बताए ।

## दुई शव...

काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बसबाट हाम्फालेर बाँच्न तीनमध्ये रौतहटको गरुडा नगरपालिका-९ का जुगेश्वरराय यादव र सरोजकुमार गुप्ता उपचारपश्चात् घर फर्केका छन् भने रौतहटका देवाही बनाही नगरपालिका-१० का नन्दन दासको उपचार भइरहेको छ ।

### भारतको चम्पारणमा फेला परे दुई शव

दुर्घटनामा परी बेपत्ता भएकामध्ये दुई यात्रीको शव भारतको चम्पारण नागाहास्थित नारायणी नदीमा फेला परेको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोलीले बिहीबार फेला पारेका दुई शव सीमा सुरक्षार्थ खटिइएको सशस्त्र प्रहरी बलको 'बोर्डर आउट पोस्ट' (बिओपी) त्रिवेणीको टोली, नेपाल प्रहरी र स्थानीय जनप्रतिनिधिको रोहबरमा नेपाल ल्याइएको सशस्त्र प्रहरीका सहप्रवक्ता थापाले जानकारी दिए । *रासस*


**सूचना !**

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. चाबहिल, काठमाडौं परिसरमा १३X९ फिटको सटर खाली रहेकोले उक्त सटर भाडामा लिई पसल सञ्चालन गर्न इच्छुक महानुभावहरुले अस्पताल प्रशासनमा सम्पर्क गरी ७ दिन भित्र सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

थप जानकारीका लागि : ०१-४५७६२२५ एक्सटेन्सन नं. २२६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।


## पहेँलो धातुसहित विमानस्थलबाट तीन जना पक्राउ

**काठमाडौं (प्रस)**– प्रहरीले भन्सार छली लैजान लागेको करिब ५२ ग्राम तौल बराबरको सुनजस्तो देखिने पहेँलो धातुसहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बागलुङ, बागलुङ नगरपालिका-४ का ३६ वर्षीय शम्शेर विक, गुल्मी सत्यवती गाउँपालिका-२ का ३६ वर्षीय नुमबहादुर थापामगर र बारा जितपुरसिमरा उपमहानगरपालिका-२४ का ४३ वर्षीय साहेव देवन रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

प्रवक्ता कार्कीका अनुसार हिमालयन एयरलाइन्सको उडानद्वारा नेपाल आएका शम्शेर र नुम बहादुरलाई जनही नौ/नौ हजार रूपैयाँ दिएर भन्सार छली गर्न लगाई ल्याएको उक्त धातु साहेवले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय आगमन पार्किङ एरियाबाट अवैध रूपमा संकलन गरी लैजान लागेको अवस्थामा फेला पारी तीन जनालाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेकाहरूका साथबाट प्रहरीले बाला दुई थान, औंठी एक थान र चन्द्र विन्दु एक थानसहित बिहीबार बिहान विमानस्थलमा खटिएको प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरमा बुझाइएको प्रवक्ता कार्कीले बताए ।


**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Khoji Recruitment Services Pvt. Ltd. इजाजत नम्बर ९०२/०६७/६८ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | नागरिकता नं. | पद |
|---|---|---|
| प्रविना कार्की | १११०२८/८७/१०१८० | म्यानेजर |
| सुबना जि.सि | ३०-०१-७६-०२३०७ | डकुमेन्टेशन |
| शम्भुलाल श्रेष्ठ | १०५३/१३३८६ | अफिस बोइ |
| प्रमिसा घिमिरे | ०६-०१-७२-०४६७३ | डकुमेन्टेशन |
| विन्दा बस्नेत | २४-०१-७५-१५९० | रिसेप्सनिस्ट |
| रुपा अर्याल | ३१-०१-७३-०११९८ | सेक्रेटरी |
| राधिका रिजाल | ७१२१ | किचन हेल्पर |
| सनजिना श्रेष्ठ | ३०-०१-७५-०५९०७ | रिसेप्सनिस्ट |
| जमुना पन्त | ३५-०१-७२-००९४६ | डकुमेन्टेस हेल्पर |

KHOJI RECRUITMENT SERVICES PVT. LTD.
Govt. License 902/067/68
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792
Email: khoji.nepal2022@gmail.com



**शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना**

सात दिने तेस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०४/०५

श्री जलन्धारा सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०८०/८१ को खण्ड नँ १ मा सुधार कटान र विभिन्न खण्डमा मा गरिएको ढलापडा संकलन कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समूहको नयाँगाउँ स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य (असना, सिसौ, जामुन, धौटी, खयर लगायतको) जम्मा गोलिया थान ३२५ को परिमाण ४३२४.०८ क्यु.फिट र साल बाहेक अन्य प्रजाति (सिसौ समेत मिश्रित) को दाउरा जम्मा १९.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना दोस्रो पटक प्रकाशित गरिएकोछ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका सःमिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

श्री जलन्धारा सामुदायिक वन उपभोक्ता समूह
राप्तीसोनारी- ८ र ९, नयाँगाउ बाँके



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CALORIE TRADING CHOCOLATE

पूर्व स्वीकृति मिति २०८०/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/04 | LT. No.292692 | चलानी नं: ६०२०८१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Executive | 0 | 1 | 4000 | १४६१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Executive Sales | 0 | 3 | 3500 | १२७८४० | | | | | | | |
| 3 | General Clean Worker | 0 | 1 | 1100 | ४०१७८ | | | | | | | |
| 4 | Helper | 0 | 2 | 1100 | ४०१७८ | | | | | | | |
| 5 | Hr Manager | 1 | 0 | 5700 | २०७२९५ | | | | | | | |
| 6 | O A/hr | 1 | 0 | 4000 | १४६१०३ | | | | | | | |
| 7 | Salesman | 9 | 14 | 2500 | ९१३१४ | | | | | | | |
| 8 | Supervisior | 10 | 1 | 2500 | ९१३१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, ०५ साउन, २०८१

| | |
|---|---|
| मेष | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| वृष | टाढाको यात्राको सम्भावना हुनेछ । |
| मिथुन | स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्ने छ । |
| कर्कट | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| सिंह | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| कन्या | व्यस्तताले शरिर कमजोरीको अनुभुति हुने । |
| तुला | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| वृश्चिक | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| धनु | मिहिनेतले उपलब्धि हासिल हुने । |
| मकर | बिछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| कुम्भ | आत्माविश्वासको कमीले काममा पछिपरिने । |
| मीन | हडबड गर्नाले काममा बाधा पुग्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

५ साउन, २०८१ (२० जुलाई, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.३६ | १३३.९६ |
| युरो | १ को | १४५.२४ | १४५.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८८ | १७३.६६ |
| स्विस फ्रैन्क | १ को | १४८.९१ | १४९.५८ |
| अस्ट्रेलियन डलर | १ को | ९०.३३ | ९०.७४ |
| क्यानाडियन डलर | १ को | ९७.९१ | ९८.३५ |
| सिंगापुर डलर | १ को | ९९.३३ | ९९.७७ |
| जापानी येन | १० को | ८.३९ | ८.४३ |
| चिनियाँ युआन | १ को | १८.३९ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५६ | ३५.७२ |
| कतारी रियाल | १ को | ३६.५७ | ३६.७४ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३१ | ३६.४७ |
| मलेसियन रिङेट | १ को | २८.५६ | २८.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६९ | ९.७४ |
| स्विडिस क्रोनर | १ को | १२.६४ | १२.७० |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३६.४४ | ४३८.४१ |
| बहराइन दिनार | १ को | ३५३.८० | ३५५.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध|लचद|यचन|लउ मा उपलब्ध हुनेछ ।

# सरकारी अस्पतालमै शल्यक्रियामार्फत सुत्केरी हुनेको संख्या बढ्दै

**काठमाडौं–** परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा शल्यक्रियामार्फत सुत्केरी हुनेको संख्या बढ्दै गएको छ । अस्पतालमा आर्थिक वर्ष २०७९/८० को तुलनामा आव २०८०/८१ मा चार प्रतिशत बढी शल्यक्रिया गरेर नवजात शिशु जन्माउने सुत्केरी बढेका हुन् । अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीका अनुसार आव २०८०/८१ मा ४३ प्रतिशत अर्थात् नौ हजार ६०० महिलाले शल्यक्रियामार्फत शिशु जन्माएका थिए । सो अवधिमा अस्पतालमा २२ हजार २७० महिला सुत्केरी भएका थिए ।

आव २०७९/८० मा ३९ प्रतिशत महिलाले शल्यक्रियामार्फत शिशु जन्माएका थिए । उनले पहिलोपटक शल्यक्रिया गरेर शिशु जन्माएका आमाले दोस्रोपटक शिशु जन्माउँदा पनि शल्यक्रिया गर्नुपर्ने, निःसन्तान भएका र प्रशव पीडा खप्न नसक्ने आमाको शल्यक्रिया गरेर बच्चा जन्माउने गरेको बताए । यस्तै ढिलो उमेरमा शिशु जन्माउँदा जोखिम हुने भएकाले पनि शल्यक्रिया गर्ने अवस्था आउने निर्देशक डा. अधिकारीले बताए ।

उनले भने, 'तर बिरामीको अवस्था अलि गम्भीर भयो भनेमात्र शल्यक्रिया गरेर शिशु जन्माउँछौं ।' अस्पतालका निर्देशक डा. अधिकारीले जनशक्तिको अभावले पनि सामान्य तरिकाले सुत्केरी गराउन नसकिएको बताए । 'विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार दुई जना बिरामी बराबर एक जना नर्स हुनुपर्दछ,' उनले भने, 'तर हामीकहाँ ४० बिरामी बराबर तीन नर्स कार्यरत छन् । त्यसैले हामीले जनशक्तिको अभावले पनि सामान्य तरिकाले सुत्केरी गराउन सकिरहेका छैनौं ।'

उनका अनुसार पहिलोपटक गर्भवती भएकालाई व्यायाम गराउने, मानसिक र शारीरिकरूपमा बच्चा जन्माउनुपर्दछ भनेर परामर्श गर्ने, दुखाइरहित सामान्य प्रसूति गराउने जस्ता कार्य गर्नुपर्दछ । अस्पतालका कार्यकारी निर्देशक डा. अधिकारीले अस्पतालले शल्यक्रियालाई भन्दा पनि सामान्य तरिकाले सुत्केरी गराउने प्रयासलाई उच्च प्राथमिकता दिएको जानकारी दिए ।

अस्पतालले दुई वर्षदेखि शिशु जन्माउँदा अत्यधिक दुखाइ हुनेलाई दुखाइरहित सेवा प्रदान गर्ने उनको भनाइ छ । 'शिशु जन्माउने क्रममा अत्यधिक दुखाइ भयो भने शल्यक्रियाको सट्टा दुखाइ कम गराउने सेवा दिन्छौं,' उनले भने, 'यो सेवा दिनमा हामीले दुईदेखि तीन जनासम्मलाई मात्र दिनसक्छौं ।' अस्पतालमा दैनिक ६० देखि ७० सुत्केरी हुने र तीमध्ये २० देखि २५ जनाको शल्यक्रियामार्फत शिशु निकाल्ने गरिएको छ । नेपालमा मातृमृत्युदर एक लाखमा १५१ र बाल मृत्युदर एक हजारमा २१ जनाको रहेको छ । *रासस*

# डेंगुको शंका लाग्यो ? ११८० मा फोन गर्नुहोस्



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले डेंगु लागेको आशंका लागेमा तत्काल ११८० मा सम्पर्क गरी परामर्श लिन नागरिकलाई आग्रह गरेको छ । अहिले नियमित पानी परिरहेकाले डेंगु संक्रमण बढ्न सक्ने भन्दै कामपाले उक्त रोग लागेको शंका लागे तत्काल ११८० मा फोन गरी परामर्श लिन नागरिकलाई आग्रह गरेको हो ।

परामर्श सेवाका लागि कामपाले निःशुल्क 'हटलाइन टेलिफोन ११८० ' चौबिसै घण्टा सञ्चालनमा ल्याइएको कामपाको डेंगुसम्बन्धी स्रोतव्यक्ति (फोकलपर्सन) ऋषि भुसालले जानकारी दिए । उनले अकस्मात अस्पताल जानुपरे १०२ नम्बरमा सम्पर्क गरेर निःशुल्क एम्बुलेन्स सेवा प्रयोग गर्न पनि नागरिकलाई आग्रह गरे ।

कामपाले उक्त संक्रमण फैलन नदिन हरेक बुधबार र बिहीबार ६४ स्वास्थ्यकर्मी र ५५८ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरी सचेतना अभियान अघि बढाइएको फोकलपर्सन भुसालले जानकारी दिए । 'डेंगु सार्ने र महामारी फैलाउने सबै प्रजातिका लामखुट्टे पानी जमेको ठाउँमा बस्छन् । उनीहरूको प्रजनन प्रक्रिया त्यहीँ पूरा हुन्छ । यसकारण पानी जम्न दिनु हुँदैन । यो काम व्यक्ति र समुदाय आफैंले गर्न सक्ने भएकाले यससम्बन्धी समुदायलाई जानकारी दिनु अभियानको मुख्य काम हो,' उनले भने । रोगको लक्षण देखिएका बिरामीको परीक्षण, औषधोपचारका लागि वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सम्पर्क गर्न पनि भुसालले आग्रह गरे ।

## डेंगुको मुख्य लक्षण

डेंगु संक्रमण भएपछि बिरामीलाई ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी र मांसपेसी दुख्ने, आलस्य हुनेलगायत लक्षणहरू देखा पर्ने कामपाको डेंगुसम्बन्धी फोकलपर्सन भुसालले बताए । 'टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेसीहरू दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने हुन्छ,' उनले भने, 'एडिज जातको लामखुट्टेले बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकाले सो समयमा थप सचेत हुनुपर्छ ।'

## यसबाट बच्ने तरिका

डेंगुबाट बच्न घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाउँमा पानी जम्न नदिने, पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरी छोपेर राख्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने, बोतल, टायर, प्लास्टिकका वस्तुहरू पानी जम्न नमिल्ने गरी विसर्जन गर्नेजस्ता काम गर्नुपर्छ ।

# सडक भासिएपछि सिंगो बस्ती जोखिममा



**पर्वत (प्रस)–** जिल्लाको मोदी गाउँपालिका-६ तिलाहारमा सडकसँगैको जमिन भासिँदा सिंगो बस्ती जोखिममा परेको छ । तिलाहारको नवजागृत माध्यमिक विद्यालय नजिक रहेको डिमुवा-राम्जा-चित्रे सडक भासिँदा सडकभन्दा तल रहेको बस्ती जोखिममा परेको हो ।

गत असार ३० गतेको राति आएको अविरल वर्षाका कारण करिब ७० मिटर लामो सडक भासिनुका साथै वरपरका केही घर चर्किएका छन् । जमिन भासिएपछि स्थानीयले प्लास्टिक ओढाएर भासिएको जमिनबाट तत्काल पानी बग्न रोके पनि जमिनको भासिनेक्रम नरोएिकको मोदी-६ का वडाध्यक्ष दिपेन्द्रजंग लामिछानेले जानकारी दिए । उनका अनुसार जमिन भासिएपछि सडकको माथिपट्टि र तलपट्टि रहेका करिब ४० परिवार जोखिममा परेका छन् ।

वडाध्यक्ष लामिछानेले डिमुवा बजारभन्दा माथि रहेका बस्ती र कुँवर टोल, फूलबारी र साउनेपानीका घर जोखिमा परेका जानकारी दिए । केही परिवारले घर छाडेर अन्यत्र बस्न थालिसकेका छन् । पहिरोलाई तत्काल रोकथाम नगर्ने हो भने ठूलो विपत्ति आउनसक्ने उनको भनाइ छ ।

यसैबीच गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री राजीव गुरुङले जमिन भासिएको क्षेत्रको स्थलगत निरीक्षण गरेका छन् । निरीक्षणपछि मन्त्री गुरुङले तत्काल पहिरो नियन्त्रण गर्न आवश्यक डिजाइनको खाका तयार गर्न निर्देशन दिएका मोदी गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले जानकारी दिए ।

पालिकाले अनुमानित लागत र डिजाइन तयार गरेपछि पहिरो नियन्त्रणका लागि प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गर्ने मन्त्री गुरुङले आश्वासन दिएका छन् । बस्ती माथिको जमिन भासिएपछि सडकमा सवारी आगमनमा समस्या परेको र जमिन भासिएको स्थान नजिकका घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको उपाध्यक्ष लामिछानेले बताए । गाउँपालिकाले तत्काल रोकथामको प्रयास गरिरहेको जनाउँदै दीर्घकालीन रोकथामका लागि ठूलो बजेट आवश्यक पर्ने भएकाले प्रदेश र संघ सरकारले पहिरो नियन्त्रणमा सहयोग गर्नुपर्नेमा उनले जोड दिए ।

सोही खण्डअन्तर्गत दराक र थामर्जुङ, पहरे, काउछे, भगरिका केही घर पहिरोको जोखिमा रहेका पालिका कार्यालयले जनाएको छ । यस वर्षको मनसुन सक्रिय भएपछि मोदी गाउँपालिकाको वडा नं २ देउपुरको जरुवामा रहेको दलित बस्ती पूर्णरूपमा बगरमा परिणत भएको छ । यहाँ बस्दै आएका १५ परिवार विस्थापित भएका छन् ।

## सिलबन्दी बोलपत्रद्वारा काठ दाउरा लिलाम बिक्रीको सूचना

**प्रथमपटक सूचना प्रकाशित मिति : २०८१/०४/०५**

यस कार्यालय अन्तर्गत पुरन्धारा सव डिभिजन वन कार्यालयको कार्यक्षेत्रको कालापानी खोला चक्ला वन व्यवस्थापनबाट आ.व. २०८०/०८१ मा उत्पादन भई पुरन्धारा सव डिभिजन वन कार्यालय परिसर हापुरेमा घाटगद्दी, कार्यालयबाट वन गस्तिको शिलशीलामा विभिन्न मितिमा वेवारिसे वरामद र पैदावार सम्बन्धी मुद्दामा बरामद भई कार्यालय परिसर घोराहीमा घाटगद्दी भएका जिल्ला अदालत दाङबाट लिलाम बिक्री अनुमति प्राप्त वन पैदावार साल, असना लगायतको गोलिया काठ ९२०५.६९ घ.फी. र दाउरा २५.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितीले २१ औं दिन कार्यालय समय भित्र श्री वन निर्देशनालय, बुटवल रुपन्देही वा डिभिजन वन कार्यालय, दाङ (दाङ) बाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२.०० बजे भित्र डिभिजन वन कार्यालय, दाङ (दाङ) घोराहीमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**सिनियर डिभिजनल वन अधिकृत**

**सुदूरपश्चिम प्रदेश सरकार**

## भौतिक पूर्वाधार विकास मन्त्रालय

## जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

**सिमखेत, बझाङ्ग**

## आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

**प्रकाशित मिति २०८१/०४/०५**

यस कार्यालयबाट आ.व. २०८०/८१ मा आह्वान भएको ठेक्का न WRIDDO/BAJHANG/SOLAR/W/NCB/01–080/81 मिति २०८१/०१/२८ मा सूचना प्रकाशन भई E–Bidding मार्फत पेश हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावहरू खोलि मूल्याङ्कन हुँदा तपशिल बमोजिमको बोलपत्रदाताको प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत)को नियम ३१ङ(४) बमोजिम सारभुत रूपमा प्रभावग्राही बोलपत्र भएकोले मिति २०८१।०४।१३ गते ११:०० बजे उक्त बोलपत्रदाताको आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोहि नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाता उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने समेत जानकारी गराइन्छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सारभुतरूपमा प्रभावग्राही बोलपत्रदाता |
|---|---|---|---|
| 1 | WRIDDO/BAJHANG/SOLAR/W/NCB/01-2080/81 | Construction of 30 kWp Solar Mini-grid System at Saipal Rural Municipality, Ward No-1,2 Bajhang District | Munal/SolarHomesNepalJV Banasthali,Kathmandu |

**डिभिजन प्रमुख**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/08 | LT. No. 287008 | चलानी नं. ६०२०२३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४१,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1200 | ४१,६०० | | | | | | | |

कम्पनी : MAMARA TRADING EST.

पुर्व स्वीकृति मिति २०८१/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/08 | LT. No. 303738 | चलानी नं. ६०२१८५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IRTIKAZ TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/08 | LT. No. 294160 | चलानी नं. ६०२०९३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF BANDAR AND SALEH ABDULAZIZ AL OMRAN TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/03 | LT. No. 307675 | चलानी नं. ६०२२४५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं.५३५/०६१/०६२

Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LOCATION Q8 SNACKS FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१२/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/08 | LT No. 303423 | चलानी नं.६०२१८२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 0 | 2 | 140 | ६०,६३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 150 | ६४,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLACKROPE SERVICES

पूर्व स्वीकृति मिति २०८१/04/04 | LT. No. 307705 | चलानी नं. ६०२२२४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1400 | ५१,५७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 3 | 2 | 1000 | ३६,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**

श्रम ईजाजत नं. 1587/079/80

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWAA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/03 | LT. No. 307671 | चलानी नं. ६०२३२४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 7 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १३ गते (28th July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**

श्रम ईजाजत नं. ९७१/०६७/०६८

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAPPYTIME JUICES

पूर्व स्वीकृति मिति २०८१/04/08 | LT. No. 307695 | चलानी नं. ६०२२२४१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np




## एकल महिलाको प्रश्न-

# के एक्लो महिलाको अस्तित्व हुँदैन ?

राज्यले नै एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षा कोष पाँच वर्षसम्म पनि लागू नहुनुले मुलुकका सात प्रतिशत जनसंख्या भएका एकल महिलाले कष्टपूर्ण जीवनयापन गर्नुपरेको छ । पाँच वर्षमा चार महिला मन्त्री परिवर्तन भए तर कोष कार्यान्वयनमा आएको छैन । कोषमा छ करोड रूपैयाँ बजेट 'फ्रिज' भएको छ, एकल महिलाले दुःख पाएका छन् ।

■ **मधु शाही/काठमाडौं**

'भाँडै माझ्न परे पनि गर्छु, काम दिनुपऱ्यो हजुर,' काखमा दूधे बालक बोकेर जुनु तामाङले होटलका साहुसँग रोजगारीको अपिल गरिरहेकी थिइन् । साहुले जवाफमा भनिन्, 'बच्चा बोकेर कसरी भाँडा माझ्छौ ?' दिनभरि चार ठाउँ होटल चहार्दासमेत उनलाई काम पाउन गाह्रो भयो । जुनुले त्यही भाँडा माझ्न पनि पाइनन् । हातमा केही सीप छैन । काखको सन्तान पाल्नकै लागि उनले जसरी पनि मजदुरी गर्नैपर्छ । संखुवासभा चिचिला गाउँपालिकाबाट उनी काठमाडौं आएको तीन वर्ष भयो । एक वर्षसम्म यसरी नै होटलमा काम खोज्दै हिँडिन् । कतै एक महिना त कतै छ महिना जुठो भाँडा माझेर सन्तान हुर्काइन् ।

डेंगु लागेर तीन वर्षअघि श्रीमान्को मुत्यु भएपछि उनको जीवन सहज हुन सकेन । आर्थिकरूपले सक्षम नहुँदा तामाङलाई छोराछोरी पाल्न मुस्किल छ । रोगले श्रीमान् बिते पनि उनलाई समाज र आफन्तीले विभिन्न आरोप लगाएर पीडा दिन छाडेका छैनन् । 'लोग्ने खोइ भनेर आफन्तीले नै कुरा काट्न थाल्नुभयो, मनभरि पीडा बोकेर सन्तान काखी च्यापी सहर पसेँ,' उनी तीन वर्षअघिको सहर पस्दाको क्षण सम्झँदै उन भन्छिन्, 'यहाँ आउँदा पनि सजिलो कहाँ छ र ? एक्ली महिलालाई न रोजगार पाउन सजिलो, न कोठा भाडा नै ।'

एकल महिला भएकै कारण भक्तपुरका प्रभा महर्जनले परिवारबाटै हेला खेप्नुपऱ्यो । श्रीमान्सँग सम्बन्धविच्छेद गरिन् । श्रीमान् बितेको भए कठै र बरा भनेर संवेदना दिने समाजमा उनले श्रीमान् स्वेच्छाले छोड्दा थुप्रै आरोप खेप्नुपऱ्यो । 'लोग्ने छोडेकी भनेर दाजुभाइ नै बोली बार्न थाले,' उनी भन्छिन्, 'के हामी महिलालाई एक्लै बस्ने हक छैन र ?' श्रीमान्कै अंश पाउन मुद्दाको झमेला खेप्नुपर्ने संघर्ष सजिलो नभएको उनको अनुभव छ । अंशको हक पाउन पाँच वर्ष अदालत धाउनु परेको उनी बताउँछिन् ।

स्याङ्जाकी सैना सुनारले दुर्घटनामा श्रीमान् गुमाएपछि चरित्रमाथि नै प्रश्नहरू उठ्न थालेको गुनासो गरिन् । श्रीमान् हुँदा परिवार र समाजले जुन सम्मानपूर्वक व्यवहार गर्थ्यो नहुँदा ठीक उल्टो व्यवहार पाएको उनी बताउँछिन् । सात वर्षअघि दुर्घटनामा परेर श्रीमान् गुमाएकी सैनाको यसमा कुनै दोष छैन तर पीडित भने परिवारले उनलाई नै दिने गरेको सुनाइन् । यहाँसम्मकी श्रीमान् गुमाएको एक वर्षमै सुनारले विभिन्न खाले लाञ्छना खेप्नुपऱ्यो । ससुराबाट चोरीको आरोप लागेपछि उनले घर छोडेर काठमाडौं आएर तरकारी व्यापार गर्न थालिन् ।

रोल्पा त्रिवेणी गाउँपालिकाका धनसरी विकले बाल्यकालमै बिहे गरिन् । दश वर्षअघि अन्तरजातीय भागी विवाह भयो । एउटा छोरा जन्माएपछि उनलाई श्रीमान्ले छोडिदिए । न पढाइ न लेखाइ । धनसरी छोरो लिएर माइतीमै बस्न थालिन् । उनकी आमा एकल महिला छिन् । घर खर्च धान्ने स्थिति छैन । धनसरा छोरो पाल्नकै लागि भारत मजदुरी गर्न गएकी छन् । 'श्रीमान्ले छोडेकी नकचरी भन्दै गाउँभरि कुरा काट्छन् । सुखले बस्न दिँदैनन्,' उनी भन्छिन्, 'गाउँमै कुखुरापालन गरेँ, तरकारी खेती गरेँ । कुरै काटेर बस्नै नदिएपछि भारत जान बाध्य भएकी हुँ ।'

एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० मा उल्लेख भएअनुसार एकल महिला भन्नाले आर्थिक दृष्टिले विपन्न सम्बन्धविच्छेद गरेकी महिला, विधवा, ३५ वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला, अंशबन्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिलालाई बुझाउँछ । सरकारले एकल महिला लक्षित थुप्रै सकारात्मक कार्य गरे पनि कार्यान्वयनको अभावका कारण एकल महिला अधिकार सम्पन्न बन्न नसकेको एकल महिला अधिकारकर्मीहरू बताउँछन् ।

'मानवअधिकारका लागि महिला: एकल महिला समूह' की अध्यक्ष कविता पाण्डेका अनुसार राज्यले एकल महिलाको अधिकार सुनिश्चित कागजमा मात्रै गरेको बताउँछिन् । उनले एकल महिलाको अवस्थाबारे गरेको अध्ययनपत्रको निष्कर्षमा एकल महिलाको मानवअधिकार खोसिँदै गएको उल्लेख गरेकी छन् । अध्ययनपत्रमा देशभर एकल महिला १० लाख १८५ जना रहेको उल्लेख छ । राष्ट्रिय तथ्यांक २०७८ मा सात प्रतिशत एकल महिलाको जनसंख्या रहेको उल्लेख छ । यसमा १९ प्रतिशत एकल महिला साक्षर छन् भने १२ प्रतिशत एकल महिलाको मात्रै घर छ ।

सो अध्ययनले ४९ प्रतिशत एकल महिला परिवारविहीन रहेका देखाएको छ । उनीहरू एक्लै जीवन बिताउन बाध्य छन् । 'एकल महिला जीवनभर एक्लै बस्न बाध्य छन्,' पाण्डेले भनिन्, 'जसले गर्दा धेरैलाई 'डिप्रेसन'को सिकार हुनुपरेको स्थिति छ ।' एकल महिला जग्गा र जमिनको पहुँचमा पनि पछि नै छन् । ३९ प्रतिशत जग्गामा पहुँच रहेको तथ्यांक छ । रोजगारको हिसाबले ४.८ प्रतिशत एकल महिलामात्रै रोजगारमा सक्रिय छन् भने १.३ प्रतिशत घरेलु उद्योगमा र ४.३ प्रतिशत व्यवसायमा छन् ।

विश्वको तथ्यांक केलाउने हो भने २८ करोड ५० हजार एकल महिला छन् । एक करोड १५ लाख एकल महिला एकदमै कष्टकर र गरिबीको जीवन बिताउन बाध्य रहेको तथ्यांक छ । झन्डै १५ लाख एकल महिलाका बालबालिकाले पोषण नपाएर मृत्यु भएका छन् । आर्थिक र सामाजिक हिसाबले पछि परेका एकल महिलालाई उमेरको हदविना नै सामाजिक सुरक्षाभत्ता दिनुपर्ने उनको जोड छ । यति मात्रै नभई स्वास्थ्य, शिक्षा र यातायातमा छुट दिनुपर्ने उनी बताउँछिन् ।

राष्ट्रिय महिला आयोगले एकल महिलाको पछिल्लो अवस्था संकलन गर्न सातवटै प्रदेशमा अन्तरक्रियात्मक गतिविधि गरेको थियो । बागमती प्रदेशमा गरेको अन्तरक्रियामा सहभागी एकल महिलाले स्थानीय तहमा एकल महिलाले पाउनुपर्ने भत्ता सहज नगरिदिँदा समस्या झेल्नुपरेको बताएका थिए ।


राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिली थापाले मानवअधिकार आयोगमै एकल महिलाको मुद्दा सम्बोधन गर्न नसकेको स्वीकार गरेकी छन् । उनले आफू सदस्य भएपछि धेरैपटक एकल महिलाका मुद्दा उजागर गर्दा यसलाई मानवअधिकारको विषय नै नबनाइने विडम्बना रहेको बताइन् । साथै, राज्यले नै एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षा कोष पाँच वर्षसम्म पनि लागू नहुनुले मुलुकका सात प्रतिशत जनसंख्या भएका एकल महिलाले कष्टपूर्ण जीवनयापन गर्नुपरेको उनको भनाइ छ । 'पाँच वर्षमा चार महिला मन्त्री परिवर्तन भए तर कोष कार्यान्वयनमा आएको छैन,' उनले भनिन्, 'कोषमा छ करोड रूपैयाँ बजेट 'फ्रिज' भएको छ, एकल महिलाले दुःख पाएका छन् ।' उनले महिला मन्त्रालयले कोषको रकम परिचालन गर्न सरकारलाई दबाब दिइरहेको बताइन् ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले एकल महिलाको सवाललाई आयोगको तर्फबाट कार्यान्वयन गर्न सरकारसँग सिफारिस गर्ने बताइन् । उनले आयोगले चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा एकल महिलासम्बन्धी कार्यक्रम गरेर अवस्था अनुगमन गर्दा एकल महिलाको स्थिति नाजुक रहेको सुनाइन् । वैदेशिक रोजगारको कारणले होस् या विपत्मा परेर धेरै पुरुषको मृत्यु हुँदा महिला एकल भएको स्थिति छ । दश वर्षे माओवादी सशस्त्र द्वन्द्वमै पनि नौ हजारभन्दा बढी महिला एकल भएको डब्ल्युएचआरको अध्ययनले बताउँछ । पछिल्लो समय सम्बन्धविच्छेदको तथ्यांक उच्च हुँदा पनि एकल महिलाको संख्या बढ्दै गएको अधिकारकर्मी पाण्डे बताउँछिन् ।

एकल महिलाको संख्या आकासिँदै गर्दा उनीहरूले सम्मानजनक र न्यायोचित जीवनयापन गर्ने वातावरण राज्यले दिन नसकेको राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीको बुझाइ छ । उनले एकल महिलाले समाजमा आत्मसम्मानका साथ बाँच्ने वातावरण मिलाउने दायित्व परिवारसँगै राज्यको पनि भएको बताइन् । राज्यलाई पटक-पटक एकल महिलाका लागि बनाएका कानुन कार्यान्वयन गराउन सिफारिस गरिरहेको तर परिणाम प्रभावकारी नआएको उनी बताउँछिन् । 'एकल महिला सुरक्षा कोषमात्रै कार्यान्वयन हुन सके पनि धेरै एकल महिलाले राहत पाउने थिए,' उनले भनिन् । *रासस*

# अलबिदा अम्बिका श्रेष्ठ...

## पर्यटन क्षेत्रले गुमायो सुप्रतिष्ठित व्यक्तित्व



नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत श्रेष्ठले नेपाल सम्पदा संघमार्फत सम्पदा संरक्षणमा पनि महत्त्वपूर्ण योगदान दिएकी थिइन् । पर्यटन क्षेत्रका साथै महिला उद्यमशीलता प्रवर्द्धन र महिला सशक्तीकरणमा पनि श्रेष्ठको महत्त्वपूर्ण भूमिका छ । श्रेष्ठको निधनले मुलुकको समग्र पर्यटन क्षेत्रमा अपुरणीय क्षति पुगको र व्यावसायिक अभिभावक गुमेको पर्यटन व्यवसायीको बुझाइ छ ।

■ **सिबी अधिकारी/काठमाडौं**

वरिष्ठ पर्यटन व्यवसायी अम्बिका श्रेष्ठको बिहीबार ९२ वर्षको उमेरमा निधन भएको हो । उनको निधनपछि प्रतिक्रिया दिँदै पर्यटन व्यवसायीहरूले मुलुकको पर्यटन क्षेत्रले सच्चा अभिभावक गुमाएको बताएका छन् ।



पर्यटनमार्फत नेपाली कला, संस्कृति र सभ्यता विश्वमाझ प्रवर्द्धनमा श्रेष्ठले पुऱ्याएको योगदान अतुलनीय रहेको उनीहरूको भनाइ छ । स्वदेशमा मात्र नभई विश्व पर्यटन बजारमा प्रसिद्ध बुटिक होटल द्वारिकाजलाई सामान्य छाप्रोबाट पाँच तारेस्तरको बनाउनमा संस्थापक श्रेष्ठले ठूलो योगदान पुऱ्याएको उनीहरूको भनाइ छ ।

वरिष्ठ पर्यटन व्यवसायी वसन्त मिश्रले पर्यटन क्षेत्रको प्रेरणादायी व्यक्तित्व श्रेष्ठको निधनले यस क्षेत्रमा अपुरणीय क्षति पुगेको बताएका छन् । 'उहाँ नेपालका लागि सच्चा स्वयंसेवक हुनुहुन्थ्यो, पर्यटनमा मात्रै नभई सामाजिक काममा पनि उहाँ उत्तिकै सक्रिय हुनुहुन्थ्यो,' मिश्रले सम्झिए, 'पर्यटनको बजारीकरण र प्रवर्द्धनमा उहाँ जत्तिको अनुभवी व्यक्तित्व निकै कम छन् ।' पर्यटन क्षेत्रमा पछिल्लो पुस्ताले उनीबाट धेरै कुरा सिकेको उनको बुझाइ छ । 'उहाँको योगदानलाई पर्यटन क्षेत्रले जहिले पनि सम्झिरहने छ,' उनले भने ।

नेपाली कला, संस्कृतिलाई सम्वर्द्धन गर्दै व्यावसायिकरूपमा सफल एवं सुविधा सम्पन्न तारे होटल तथा रिसोर्ट सञ्चालन गर्दै आएकी श्रेष्ठले प्रारम्भ गरेको महिला उद्यमशीलताको विकास स्वदेशमा मात्र नभई विदेशमा चर्चामा छ । उनी र उनको परिवारबाट प्रवर्द्धित हेरिटेज होटल तथा रिसोर्टले नेपालको चिनारी अन्तर्राष्ट्रिय जगतमा उल्लेखनीय छ ।

नेपालको पर्यटन प्रवर्द्धनमा सदा सक्रिय रही सम्बन्धित विभिन्न संघसंगठनमा प्रभावकारी नेतृत्व गरेकी स्व. श्रेष्ठको निधनबाट देशले पर्यटन विकासको सच्चा अभियन्ता गुमाएको होटल संघका अध्यक्ष विनायक शाहले बताए । उनले भने, 'मुलुकको कला, संस्कृति र सभ्यताको समीश्रण गरी व्यावसायिक रूपमा सुविधा सम्पन्न पाँचतारे होटल सञ्चालन गरी विश्व पर्यटन बजारमा मानकका रूपमा स्थापित गर्ने श्रेय अम्बिका श्रेष्ठलाई जान्छ, यसले देश र समाजलाई महत्त्वपूर्ण योगदान दिएको छ ।'

पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न संगठनको नेतृत्वदायी भूमिकामा लामो समय काम गरेको अनुभवका साथै नेपाललाई विश्वभर चिनाउन श्रेष्ठ र उनले नेतृत्व गरेको होटलको महत्त्वपूर्ण भूमिका रहेको अध्यक्ष शाहले बताए । उनले श्रेष्ठ भौतिक रूपमा नरहे पनि उनले पर्यटन क्षेत्रमा पुऱ्याएको योगदान सधैं चीर स्मरणमा रहने बताए । नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत श्रेष्ठले नेपाल सम्पदा संघमार्फत सम्पदा संरक्षणमा पनि महत्त्वपूर्ण योगदान दिएकी थिइन् । पर्यटन क्षेत्रका साथै महिला उद्यमशीलता प्रवर्द्धन र महिला सशक्तीकरणमा पनि श्रेष्ठको महत्त्वपूर्ण भूमिका छ ।

श्रेष्ठको निधनले मुलुकको समग्र पर्यटन क्षेत्रमा अपुरणीय क्षति पुगको र व्यावसायिक अभिभावक गुमेको पर्यटन व्यवसायीको बुझाइ छ । उनले नेपाल आउने पर्यटक पाहुनालाई परम्परागत रैथाने खानाको परिकार पस्केर नेपालको आतिथ्य पर्यटनलाई विश्वबजारमा प्रवर्द्धन गरेकी थिइन् ।

वरिष्ठ पर्यटन व्यवसायी योगेन्द्र शाक्य जीवनको उत्तरार्द्धमा वैशाखी टेकेर पनि पर्यटनका हरेकजसो कार्यक्रममा सक्रिय सहभागी हुने श्रेष्ठको उपस्थिति र ऊर्जाशील भनाइले नयाँ उद्यमीलाई उत्साह र उत्प्रेरणा जगाने गरेको बताउँछन् । 'अम्बिका श्रेष्ठ पर्यटन व्यवसायीका लागि अभिभावक हुनुहुन्थ्यो, उहाँको निधनले पर्यटन क्षेत्रमा अपुरणीय क्षति पुगेको छ,' उनले भने, 'श्रेष्ठले महिला सशक्तीकरण, पर्यटन उद्योगलगायतमा ख्याती कमाउनुभएको थियो । उहाँले गुणस्तरीय पर्यटक नेपाल भित्र्याउन महत्त्वपूर्ण योगदान गर्नुभएको छ ।' नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन क्षेत्रले अभिभावक गुमाएको बताए । 'श्रेष्ठको गुणस्तरीय र वातावरणमैत्री पर्यटन र सांस्कृतिक सम्पदाको संरक्षणमा अतुलनीय योगदान छ,' उनले भने, 'श्रेष्ठ नयाँ पुस्ताका लागि ऊर्जाशील र प्रेरणादायी व्यक्तित्व हुनुहुन्थ्यो । जीवनको उत्तरार्द्धमा पनि उहाँको उत्तिकै सक्रियता थियो ।'

विगत ६५ वर्षदेखि होटल तथा पर्यटन उद्योगमा सक्रिय श्रेष्ठले सन् १९९१ देखि पूर्णरूपमा द्वारिकाजको जिम्मेवारी सम्हाल्दै आएकी थिइन् । भारतको सिक्किममा सन् १९३३ फेब्रुअरी १२ मा जन्मिएकी श्रेष्ठले पटना विश्वविद्यालयबाट वाणिज्यशास्त्रमा स्नातक तह उत्तीर्ण गरेकी थिइन् । नेपालका व्यापारिक घरानाका द्वारिकादास श्रेष्ठसँग विवाह भएपछि काठमाडौं आएकी श्रेष्ठ श्रीमान्को मृत्युपछि द्वारिकाज होटलको अध्यक्ष बनेकी थिइन् । पछिल्लो समय उनकी जेठी छोरी संगीता श्रेष्ठले होटलको नेतृत्व सम्हालिरहेकी छन् । सफल महिला उद्यमीको रूपमा उनले विभिन्न राष्ट्रिय सम्मान प्राप्त गरेकी थिइन् । उनी विभिन्न सामाजिक संस्थासँग आबद्ध थिइन् । *रासस*



**हिलो खेल्दै स्थानीय** | रुकुम पूर्वको भूमे गाउँपालिका-१ लुकुममा हिलो खेल्दै स्थानीय । यस स्थानमा एकअर्कामा हिलो छ्याप्दा शरीरमा लाग्ने रोगहरू निको हुन्छ भन्ने मान्यता चलिआएको छ ।
*तस्बिरः सर्जना कार्की/रासस*

# उच्च अदालत तुलसीपुरमा ७२ प्रतिशत मुद्दा फस्र्योट

■ नारायणी रजौरे




**दाङ-** उच्च अदालत तुलसीपुरले गत आर्थिक वर्ष २०८०/८१ मा अदालतमा परेका मुद्दामध्ये एक हजार ८५ थान मुद्दा फस्र्योट गरेको छ । उच्च अदालत तुलसीपुरका रजिस्ट्रार खड्कराज अधिकारीका अनुसार गत आर्थिक वर्ष अदालतमा दर्ता भएका ९८० थान र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ५१९ गरी जम्मा एक हजार ४९९ थान मुद्दामध्ये एक हजार ८५ थान मुद्दा फस्र्योट भई अब ४१४ थान मात्र मुद्दा विचाराधीन रहेका छन् । अदालतले गत आर्थिक वर्ष ७२.३८ प्रतिशत मुद्दा फस्र्योट गरी पाँच वर्ष अवधिमा सबैभन्दा बढी कार्यसम्पादन गरेको जनाएको छ ।

यसैगरी, आव २०७९/८० मा उच्च अदालत तुलसीपुरमा जिम्मेवारी सरी आएका ३८९ र नयाँ दर्ता भएका ६६३ गरी कूल एक हजार ५२ थान मुद्दामध्ये ५३३ थान अर्थात् ५०.६७ प्रतिशत मुद्दा फस्र्योट भएको बताइएको छ । त्यस्तै, आव २०७८/७९ मा ६०४, २०७६/७७ मा ४०८ र आव २०७७/७८ मा ५२० थान मुद्दा फस्र्योट गरेको अदालतले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ ।

उच्च अदालत तुलसीपुरका मुख्य न्यायाधीश नित्यानन्द पाण्डेले यसरी सम्बद्ध सबै पक्षको सहयोगमा गत पाँच वर्षयताकै सबैभन्दा बढी मुद्दा फस्र्योट गर्न अदालत सफल भएको जानकारी दिए । मुख्यन्यायाधीश पाण्डेले न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाअनुसार मुद्दा व्यवस्थापन पद्धतिअनुसार मुद्दालाई सरल, सामान्य र विशेष मार्गगरी तीन प्रकारले विभाजन गरी सरल मार्गका छ महिना, सामान्यका एक वर्ष र विशेष मार्गका मुद्दा १८ महिनाभित्र फस्र्योट गरी सक्नुपर्ने व्यवस्था भएअनुसार कार्यसम्पादन गरेको जानकारी दिए । अदालतमा दुई वर्ष नाघेका मुद्दाको संख्या शून्यमा झरेको बताउँदै उनले हाल विचाराधीन अवस्थामा रहेका दुई वर्षसम्मको मुद्दा एउटामात्र रहेको जानकारी दिए ।

त्यस्तै, एक वर्षदेखि १८ महिनाभित्रका मुद्दाको संख्या आठ थान, छ महिनादेखि एक वर्षसम्मको मुद्दाको संख्या ५१ र छ महिनाभित्रका मुद्दाको संख्या ३५४ थान रहेका छन् । नागरिकलाई छिटोछरितो र सहज ढंगले न्याय सम्पादन गर्न सकियोस् भनी अदालतले नागरिक सहायता कक्षको व्यवस्था गरी निःशुल्क रूपमा निवेदन लेखिदिने र अदालतको कामकाजलाई प्रविधिमैत्री बनाई प्रभावकारी सेवा दिने काम भइरहेको मुख्य न्यायाधीश पाण्डेले बताए ।

उनले असहाय, आर्थिकरूपमा विपन्न बालबालिका, महिला, वृद्धवृद्धालगायत मुद्दामा वैतनिक कानुन व्यवसायी, अनलाइन तारिख, निःशुल्क कानुनी सहायता, अनलाइनबाट कारागारका कैदीहरूलाई सुनुवाइको सुविधा व्यवस्था गरिएको जानकारी दिए । त्यस्तै, न्यायमा बाहच पहुँच अभिवृद्धिका लागि न्यायाधीशसँग भेटघाट कार्यक्रमअन्तर्गत स्थानीय जिल्लाका विभिन्न क्याम्पसमा विद्यार्थीहरूसँग न्यायिक संवाद कार्यक्रमसमेत सञ्चालन गरेको मुख्य न्यायाधीश पाण्डेले जानकारी दिए । *रासस*

# बेनी–दरबाङ सडक आठ दिनदेखि अवरुद्ध

**गलेश्वर (म्याग्दी)–** गत असार २७ गते रातिदेखि खस्न थालेको पहिरोका कारण बेनी-दरबाङ सडक आठ दिनदेखि अवरुद्ध बनेको छ । उक्त खण्डको तातोपानीमा गएको पहिरोका कारण यातायात सञ्चालन नहुँदा पश्चिम म्याग्दीका सयौं नागरिकले दैनिक यात्रामा सास्ती भोग्दै आएका छन् ।

पिठ्युमा भारी र काँधमा छोरीलाई बोकेर तातोपानी परको घुमाउने भिरपारी पैदल हिँडेर यात्रा गरेकी धवलागिरि गाउँपालिका-७ धारापानीकी जमुना थापाले लामो सुस्केरा हाल्दै बेनी-दरबाङ खण्डको पहिरोलाई नियालिन् । सदरमुकाम बेनीबाट खाद्यपदार्थका साथै दैनिक उपभोग्य सामग्री गाउँतर्फ लैजान नसक्दा खाद्यान्नलगायत विकास निर्माणमा आवश्यक पर्ने सामग्रीको अभाव भएको छ । गाउँमा उत्पादित तरकारी, फलफूल तथा अन्य कृषिजन्य वस्तु बिक्रीका लागि बजारसम्म ल्याउन नसक्दा खेतबारीमा खेर गएका कृषकले बताएका छन् ।

वर्षासँगै म्याग्दीको बेनी नगरपालिका-४ र मंगला गाउँपालिका-२ को सीमानामा पर्ने फापरखेतमा गत असार २७ गते राति खसेको पहिरोले सडक अवरुद्ध भएको थियो । सडक डिभिजन कार्यालय, यातायात व्यवसायीले मेसिन र जनशक्ति परिचालन गरेर पटक-पटक पहिरो पन्छाउने प्रयास गरे पनि पहिरो खस्ने क्रम नरोकिएको तातोपानीका व्यवसायी कुमार केसीले बताए । यसले पश्चिम म्याग्दीका नागरिकलाई आवागमनमा सास्ती हुँदै आएको उनले बताए ।

यातायात सञ्चालन हुन नसकेपछि पश्चिम म्याग्दी जाने सयौं यात्रु बेनीबाट तातोपानीसम्म गाडीमा र त्यहाँबाट पैदल हिडेर म्याग्दी नदीको झोलुंगे पुल हुँदै सिमलचौर निस्केपछि अर्को गाडीमार्फत गन्तव्यमा जाने गरेका छन् । पश्चिम म्याग्दीको 'लाइफ लाइन'का रूपमा लिने गरिएको बेनी-दरबाङ सडकको फापरखेतमा सामान्य वर्षा हुँदा पनि आवागमन अवरुद्ध हुने समस्याले स्थानीयले सास्ती खेप्दै आएका यातायात व्यवसायी टेकबहादुर राम्जालीले जानकारी दिए । उन्नाइस वर्षअघि सडकको मार्ग खोल्नुपूर्व यहाँ पहिरोको जोखिम थियो । पहिरो रोकथाम गर्न दीर्घकालीन योजना नहुँदा यस खण्डमा बर्खायाममा सीधा यातायात सेवा प्रभावित हुने गरेको स्थानीय बताउँछन् ।

धवलागिरि, मालिका र मंगला गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजार जोड्ने उक्त सडक बर्खायाममा झनै जोखिमपूर्ण बन्दै गएको मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले बताए । 'बेनी-दरबाङ खण्ड पाखो र भिरको बीचमा खनिएको छ । सडकमुनि म्याग्दी नदी छ । सडकमाथिको भिरमा ढुंगा र ग्रेगर छ । खोल्सामा पर्ने सडकमाथितर्फ पर्खाल बनाएर पहिरो रोक्ने प्रयास सफल भएको छैन,' अध्यक्ष रोकाले भने, 'म्याग्दी नदीको किनारमा बनाइएका पक्की पर्खालले कटान रोकिएको छ ।' उनका अनुसार सडकदेखि करिब २०० माथि र १५० मिटर फराकिलो क्षेत्रमा पहिरो फैलिएको छ ।

पहिरो प्रभावित क्षेत्रमा स्तरोन्नतिको काम रोकिएको र यातायात अवरुद्ध हुन नदिन डोजर तैनाथ राखेर पहिरो खस्दाबित्तिकै पन्छाउने गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णु पौडेलले बताए । 'फापरखेत, लाम्पाटा र बांगेको पहिरो नियन्त्रणका लागि बायोइन्जिनियरिङसहितको छुट्टै काम गर्नुपर्छ, ठूलो पहिरो भएकाले लगानी पनि बढी लाग्छ,' उनले भने ।

बेनी नगरपालिका र मंगला गाउँपालिकाको सिमानामा रहेको फापरखेतअन्तर्गत बेनी-दरबांग खण्डको वैकल्पिक माग खोजिने म्याग्दीका प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजाले बताए । पहिरोको दीर्घकालीन समाधान गर्न वैकल्पिक मार्ग र बेलिब्रिज निर्माण गर्नुपर्ने भएकाले तीनै तहका सरकारले यसतर्फ ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

वर्खायाममा झनै जोखिमपूर्ण बन्दै गएको भन्दै वैकल्पिक मार्ग निर्माणमा ध्यान दिन सरोकार भएका निकायलाई अनुरोध गरिएको मंगला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताए । *रासस*

# हात्तीको आक्रमणबाट कोशीमा १० जनाको मृत्यु, २५ घाइते

**झापा (प्रस)–** गत आर्थिक वर्षमा कोशी प्रदेशमा हात्तीको आक्रमणबाट १० जनाको ज्यान गएको छ भने २५ जना घाइते भएका छन् । सोही अवधिमा पाँच वटा हात्ती मरेका प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

प्रहरीका अनुसार गत आवमा हात्तीको आक्रमणबाट झापा, मोरङ र सुनसरीका १० जनाको मृत्यु भएको हो । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता भीमबहादुर दाहालले हात्तीको आक्रमणबाट ज्यान गुमाउनेमा सबैभन्दा बढी झापा जिल्ला रहेको जानकारी दिए । उनले झापामा एक वर्षको अवधिमा छ, सुनसरीमा तीन र मोरङमा एक जनाको ज्यान गएको बताए ।

'झापाको मेचीनगर नगरपालिका-४ स्थित प्रसाद गौडाबाट गत वर्षको कात्तिकमा पसेका रैथाने हात्ती ३५ भन्दा बढी हात्तीको समूहले ठूलो धनजनको क्षति गरेको थियो । सोही अवधिमा झापामा चार वटा र मोरङमा एउटा हात्ती मरेका थिए,' प्रवक्ता दाहालले भने । उनले एक वर्षको अवधिमा हात्तीको आक्रमणबाट झापामा १४, इलाममा एक, मोरङमा तीन, सुनसरीमा पाँच र उदयपुरमा दुई गरी २५ जना घाइते भएको जानकारी दिए । हात्तीको आक्रमणबाट ज्यान गुमाउनेलाई सरकारले १० लाख रूपैयाँ क्षतिपूर्तिस्वरूप प्रदान गर्दै आएको छ । घाइतेको उपचारका लागि २५ हजारदेखि एक लाख रूपैयाँसम्म उपलब्ध गराउँदै आइएको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।

# कर्ममा रमाउँदै प्रसाईं

■ विराट न्यौपाने



**सुन्दरबजार (लमजुङ)–** कृषि पेसाबाट केही गर्न सकिन्न भन्नेका लागि उदाहरणीय पात्र बनेका छन्, सूर्य प्रसाईं । लमजुङको राइनासमा कृषि व्यवसाय गरिरहेका प्रसाईंको गृहजिल्ला लमजुङ होइन । झापाबाट ढुंगा काट्ने मेसिन लिएर लमजुङ आएका प्रसाईंले गरेको कृषि कर्मबाट स्थानीय युवाले अवश्यक पनि केही सिक्छन् ।

विदेशी भूमिमा गएर कृषि पेसामा रातदिन काम गर्नेहरूले एकपटक प्रसाईंको कृषि फार्म हेरेर केही सोच्नुपर्नेछ । लगनशील भएर मिहेनत गरे के सम्भव छैन भन्ने उदाहरण उनले दिएका छन् । अथक उत्साह, साहस, मिहेनत र निरन्तरताले त्यो सफलता पाउन सकिन्छ । 'आफ्नै भिरपखेरा अनि खेर गएर बसेका पाखामा कृषिकर्म गरे विदेशी भूमिमा कमाउने पैसा कमाउन त सजिलै सकिन्छ, आत्मसन्तुष्टि पनि मिल्दोरहेछ,' प्रसाईं भन्छन् ।

राइनास नगरपालिका-५, तीनपिप्लेमा कृषि कर्म गरिरहेका प्रसाईंले ढुंगा काट्ने काम पनि गरिरहेका छन् । यसका लागि उनले १०० रोपनीभन्दा बढी जग्गा भाडामा लिएका छन् । जंगल र बुट्यानले ढाकिएको जग्गा एक लाख २० हजार रूपैयाँ वार्षिक भाडामा लिएर विभिन्न संरचनामा उनले ५० लाख रूपैयाँजति खर्च गरेका छन् ।

अहिले खर्बुजा बिक्रीबाट एक सिजनमा मात्र १२ लाख रूपैयाँ आम्दानी गरेका प्रसाईंको झापामा पनि फार्म छ । झापामा रहेको १८ बिघा जग्गामा अहिले धान लगाएका छन् । धानपछि उनले खर्बुजा खेती गर्छन् । खरबुजामा सुई लगाएर रङ मिसाएको भारतीय खर्बुजाको हल्लाका कारण उनले राम्रोसँग उत्पादन गरेको खर्बुजा बिक्रीमासमेत असर परेको उनको अनुभव छ । 'अहिले त्यसैका कारण झापाबाट राम्रो आम्दानी भएन,' उनले भने ।

लमजुङमा उत्पादन गरेको खर्बुजा जिल्लाको सदरमुकाम बेंसीसहरलगायत गोर्खा र तनहुँका पसलसम्म पुग्दछ । बजार खोज्न अहिले नै टाढा जानु नपर्ने उनको भनाइ छ । 'राम्रो उत्पादन गर्न सकियो भने बजार नै उत्पादन खोज्दै कृषकसम्म आउँछ,' उनी भन्छन् ।

विगत १८ वर्षदेखि राईनासमा आएका प्रसाईंले पाँच वर्षदेखि यहाँ उषा बंगुर तथा कृषि फार्मको नाउँमा खरबुजा, काँक्रो, घिरौला, फर्सी, अकबरे खुर्सानीलगायतको खेती गर्दै आएका छन् । हेर्दा नै लोभ लाग्ने उनको खर्बुजा कृषि फार्ममा अहिले बेमौसमका फलफूलका बिरुवा हुर्कंदै छन् भने अर्कोतर्फ अकबरे खुर्सानीको ठूलो प्लट चेपे नदीको तिरैमा छ । त्यहाँ उत्पादन भएका नौलो प्रजातिको प्रतीक नामको फर्सी सलादका लागि विभिन्न बजारमा पठाउँछन् ।

आफ्नै कृषि कर्ममा हेरचाह गर्दै निरन्तर लागिरहेका प्रसाईंले स्थानीय तहबाट कुनै किसिमको सहयोग प्राप्त गरेका छैनन् । कृषि ज्ञान केन्द्रले सिँचाइका लागि पाइपलाइन, मल्चिङ प्लास्टिक र मलखादका लागि यस वर्ष चार लाख रूपैयाँबराबरको सहयोग गरेको छ । कृषि फार्ममा बंगुरपालन गरेका प्रसाईंले गत वर्ष रोगका कारण बंगुर मरेपछि अहिले त्यसलाई थाति राखेका छन् । त्यहाँ उनले उत्पादन गरेको अकबरे खुर्सानी, खर्बुजा र अन्य मौसमी तरकारी उत्पादनका लागि नियमित पाँच जनालाई रोजगारी दिएका छन् । त्यसबाहेक दैनिक ज्यालादारीमासमेत काम दिने गरेका छन् ।

केही गरौं भन्ने उत्साह भएका युवालाई कृषिमा ठूलो लगानी गरेको सरकारी तवरबाट सानो सहयोग दिने हो भने युवालाई यही विदेशकै जस्तो कमाई गर्न सकिन्छ भन्ने उनबाट बुझ्न सकिन्छ । स्थानीय तहहरूले विभिन्न शीर्षकमा बर्सेनि अनुत्पादक क्षेत्रमा बाँडिरहेका लाखौं रूपैयाँको प्रतिफल आउन नसकेको भन्दै उनी त्यसलाई कृषि क्षेत्रमा लगाउन सकिएमा तरकारी र फलफूलमा आत्मनिर्भर हुन सकिने बताउँछन् । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पूर्व स्वीकृति मिति २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/08 | LT. No. 305414 | चलानी नं. ६०२२००४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 900 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper/labour | 50 | 0 | 900 | ३२,९१० | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 4 | Shuttering Carpenter | 50 | 0 | 1200 | ४३,८८० | | | | | | | |
| 5 | Steel Fixer | 50 | 0 | 1200 | ४३,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः धनुषा, जनकपुर, राम जानकी ट्रेनिङ सेन्टरमा मितिः २०८१ साउन १२ गते (27 July 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८१ साउन १३ गते (28th July 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः धनुषा, जनकपुर, निल कमल ट्रेनिङ सेन्टरमा मितिः २०८१ साउन १४ गते (29 July 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः नाइल ट्रेनिङ सेन्टर, सिनामंगल, काठमाडौंमा मितिः २०८१ साउन १५ गते (30th July 2024) मा हुनेछ ।

सम्पर्कः जनकपुर, राम जानकी ट्रेनिङ सेन्टरको लागिः ९८५१०८८४३१, ९८५१३२०४१३, ९८०१६६९८२८, ९८०१६६९८३८
इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरः ९८१९३५३५४१, जनकपुर, निल कमल ट्रेनिङ सेन्टरः ९८५११३६५०२, ९८०३४६४९१८
नाइल ट्रेनिङ सेन्टर, सिनामंगल, काठमाडौंः ९८४१५९५५५३, ९८१३१७९१९१, ९८५१०१३५२६

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४००/०६०/०६१

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHAR ALRFAHEYAH COMPANY FOR HOTEL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/04/03 | LT. No. 307678 | चलानी नं. ६०२२२४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 6 | 0 | 1200 | ४२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064

Career International Services [P.] Ltd.
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD

पूर्व स्वीकृति मिति २०८१/04/03 | LT. No. 307711 | चलानी नं. ६०२२२३९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker | 40 | 0 | 1200 | ४१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 60 | 0 | 1200 | ४१,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः बसुन्धारा स्थित संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १२ गते (27th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

# प्रभाव दैनिक

शनिबार, ०५ साउन २०८१ (Saturday, July 20, 2024)


रूपशाला

### 'मोहर' मा भित्रिइन् नीति

अभिनेत्री नीति शाहले फिल्म 'खजुरे ब्रो' बाट अभिनयमा डेब्यु गरेकी हुन् । उनको डेब्यु फिल्म बक्स अफिसमा असफल भएपनि उनी भने अभिनयमा सफल ठहरिएकी छन् । किनभने 'खजुरे ब्रो' पछि उनको हातमा एकपछि अर्को फिल्म परिरहेका छन् । केही अगाडि 'ज्वाईसाँप' फिल्मको छायाँन सकाएकी नीति अहिले फिल्म 'मोहर' मा पनि अनुबन्धित भएकी छन् । फिल्मका निर्देशक ओम प्रतिक हुन् । फिल्म मेकर्स प्रालिको प्रस्तुतिमा तयार हुन लागेको यो फिल्ममा ओम प्रतिककै लेखन छ । फिल्मलाई चुम्बनजंग शाहीले निर्माण गर्न लागेका हुन् ।



# 'सक्किगोनी' टिमले गऱ्यो फिल्म 'लाज शरणम्' निर्माणको घोषणा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** फिल्म 'लाज शरणम्' निर्माण घोषणा गरिएको छ । लोकप्रिय हास्यसिरियल 'सक्किगोनी' टिमले फिल्म बनाउन लागेको हो । सिरियलका निर्देशक तथा कलाकार कुमार कट्टेल 'जिग्री' को जन्मदिनको अवसर पारेर शुक्रबार एक कार्यक्रमकाबिच फिल्म घोषणा गरिएको हो ।

कार्यक्रममा वरिष्ठ हास्य कलाकर हरिवंश आचार्य, अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, निर्देशक समाजको अध्यक्ष जनकदीप पराजुली, नेपाल चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, निर्देशक प्रदीप भट्टराई, केदार घिमिरे, निर्मल शर्मा, दीपक आचार्य, सोम धिताल, विशाल भण्डारी, ओम प्रकाश अग्रवाल र वितरक मनोज राठी लगायतको उपस्थिति थियो ।

फिल्मको निर्देशन कुमार कट्टेलले गर्न लागेका हुन् । लेखन समेत कट्टेलको रहेको फिल्मका निर्माता नवीन श्रेष्ठ र सह-निर्माता रामनरेश शाह हुन् । फिल्ममा अर्जुन घिमिरे (पाँडे), सागर लम्साल (बले) कमलमणि नेपाल (खुपीका बाउ), माला लिम्बु, विजय बराल र मुकुन्द श्रेष्ठको मुख्य भूमिकामा देखिनेछन् । सुदीप बरालको छायाङ्कन रहने फिल्ममा अन्य कलाकार छनौटको चरणमा रहेको कार्यक्रममा जानकारी दिइयो ।

कार्यक्रममा कलाकार हरिवंश आचार्य, निर्देशकद्वय दीपाश्री निरौला र प्रदीप भट्टराईले निर्माण टिमलाई शुभकामना दिए । फिल्म कमेडी जनरामा बन्न लागेको हो । निर्देशक कुमारले सिंगो फिल्म नगरीको प्रतिनिधित्व हुने गरेर फिल्म निर्माण गर्न लागेको बताए ।

# 'बेहुली फ्रम मेघौली'को 'उडायो मन' रिलिज

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** फिल्म 'बेहुली फ्रम मेघौली'को नयाँ गीत रिलिज गरिएको छ । 'उडायो मन' बोलको सार्वजनिक गीतमा शब्द, संगीत र एरेन्ज जयन जे वाइवाले गरेका हुन् । गीतमा इन्द्रकला राईको स्वर छ । गीतको भिडियोमा अभिनेत्री स्वस्तिमा खड्का देखिएकी छन् । सिम्रिक खड्का तथा निश्चल बस्नेत समेत देखिने गीतको कोरियोग्राफी शेखर घर्ती मगरले गरेका हुन् ।

फिल्ममा निश्चल र स्वस्तिमाका अलवा बसुन्धरा भुषाल, बिजय बराल, सिमरन खड्का, लोकेन्द्र लेखक, रक्षा थापा, सिरु बिष्ट, आमिर गौतम, शिशिर शिवाकोटी, टीका पहारी, प्रभाकर शर्मा, लुनिभा तुलाधर, मुकुन्द मैनाली र रामबाबु रेग्मीको अभिनय रहेको छ ।

ब्ल्याक हर्स पिक्चर्स र मेघौली फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा साजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशन छ । अभिनेत्री स्वस्तिमा खड्काकै निर्माण रहेको फिल्मका कार्यकारी निर्माता फिरोज खड्का र शंकर पाण्डे हुन् ।

नरेन्द्र मैनालीको छायाङ्कन, प्रदीप लामा र केवीका खत्रीको कोरियोग्रफी, जयन जे वाइवा र कुशल पोखरेलको संगीत, निमेष श्रेष्ठको सम्पादन रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट र डिसिएनले वितरण गर्ने भएको छ ।

# लक्की फिल्मी अवार्डको लोगो सार्वजनिक




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** लक्की फिल्मी अवार्ड २०८१ को लोगो एक समारोहका बीच सार्वजनिक गरिएको छ । नेपाली चलचित्र क्षेत्रकी चर्चित अभिनेत्री सञ्चिता लुइटेल र लक्की मिडिया हाउसका महाप्रबन्धक हरि कार्की 'लक्की'ले अवार्डको लागो सार्वजनिक गरेका हुन् ।

काठमाडौंमा आज आयोजित एक समारोहमा अवार्डको लोगो सार्वजनिक गरिएको हो । लागो सार्वजनिक गर्दै अभिनेत्री लुइटेलले अवार्डको सफलताको शुभकामना व्यक्त गरिन् । मोफसलमा रहेर पनि रंग क्षेत्रको ठूलो कार्यक्रम गरेकोमा अभिनेत्री लुइटेलले आयोजक लक्की मिडिया हाउस र महाप्रबन्धक कार्की प्रति विशेष आभार व्यक्त गरिन् ।

मोफसलकै चर्चित लक्की मिडिया हाउस चितवनले हरेक वर्ष लक्की फिल्मी अवार्डको आयोजना गर्दै आएको छ । अघिल्लो संस्करणमा भएका केही कमीकमजोरीलाई समेत सुधार गर्दै नयाँ संस्करण आयोजना गर्ने तयारीमा जुटेको महाप्रबन्धक कार्कीले बताए । लक्की फिल्मी अवार्ड मोफसल कै एक मात्रै र ठूलो फिल्मी अवार्ड भएको भन्दै महाप्रबन्धक कार्कीले अवार्डमा चलचित्र क्षेत्रमा कार्यरत कलाकार, सामाजिक अभियान्ता एवम् विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तिहरूलाई सम्मान गर्ने बताए ।

अवार्डमा उत्कृष्ट चलचित्र, उत्कृष्ट कथा लेखन, उत्कृष्ट गायक महिला, उत्कृष्ट गायक पुरुष, उत्कृष्ट सङ्गीतकार, अन्तर्राष्ट्रिय प्रमोसन अवार्ड, उत्कृष्ट सिनेमाटोग्राफर, उत्कृष्ट अभिनेता, उत्कृष्ट अभिनेत्री, लोकप्रिय कलाकार पुरुष, लोकप्रिय कलाकार महिलालाई सम्मानित गरिने छ । त्यस्तै, उत्कृष्ट सम्पादक, उत्कृष्ट निर्देशक, उत्कृष्ट कम्पोजर, स्पेशल मुभी लगायतलाई सम्मान गरिने कार्कीको भनाइ छ ।

कार्यक्रममा चितवनलाई कर्मथलो बनाएर काम गर्दै आएका विभिन्न क्षेत्रका व्यक्तिलाई समेत सम्मान गरिने कार्कीको भनाइ थियो । आगामी संस्करणको लक्की फिल्मी अवार्ड असोजमा गर्ने तयारी भइरहेको कार्कीले जानकारी दिए ।



## सन्दीपको मुद्दाको पूर्णपाठ

# 'आधार र प्रमाण नपुग्दा सफाइ'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उच्च अदालत पाटनले क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बलात्कार मुद्दामा फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै आधार र प्रमाण नपुग्दा सफाइ हुने ठहर गरेको छ । न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अन्जु उप्रेती ढकालको संयुक्त इजलासले गत जेठ २ गते गरेको फैसलाको शुक्रबार सार्वजनिक गरेको पूर्णपाठमा आधार र प्रमाण नपुगेका कारण सफाइ दिएको उल्लेख छ ।

फैसलाको पूर्णपाठमा भनिएको छ, 'आधार र कारण समेतबाट यसमा प्रतिवादी सन्दीप लामिछानेले अनुसन्धानका क्रममा र अदालतमा गरेको इन्कारी बयान, परिवर्तित नाम गौशाला २६ ले पठाएको म्यासेज, निजको शारीरिक परीक्षण प्रतिवेदन, निजको शारीरिक अवस्था, घटनास्थल मुचुल्का, घटना विवरण कागज गर्ने होटल काठमाडौं इन होटलका सेक्युरिटी कार्ड राजन राणाले गरेको वकपत्रका साथै मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले अभियोग मागदाबी बमोजिमको कसुर गरेको पुष्टि हुन आएन ।'

फैसलामा पीडितले प्रतिकार गरेको, कराएको, चिच्चाएको, तेस्रो व्यक्तिसँग आत्मरक्षाका लागि कुनै सहयोगको याचना गरेको नदेखिएको उल्लेख छ । त्यस्तै, उमेर पुगेका व्यक्तिहरूबीच जबर्जस्ती करणीको १ नं विपरीत नभई सहमतिमा भएको करणीलाई जबर्जस्ती करणी नमानिने भनेर सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दाको उल्लिखित तथ्यहरूले अनुमोदन गरेको इजलासको ठहर छ ।

फैसलाको पूर्णपाठको भनिएको छ, 'प्रतिवादीसँग पीडितले आर्थिक संरक्षण मागेको, प्रतिवादीले पछि सकेको सहयोग गर्छु भनेको तर कुनै सहयोग नगरी प्रतिवादी केन्यातर्फ गएको घटनाक्रमले रिसको आवेगमा प्रतिवादी उपर यस्तो जघन्य कसुरमा जाहेरी दिएको होला भनी यो तथ्यलाई ठाडै इन्कार गर्न सकिने अवस्था पनि देखिँदैन ।' पीडितले प्रतिवादीले आफूलाई जबर्जस्ती करणी भने पनि निज वारदातको समय १८ वर्ष पूरा भएको देखिएको फैसलामा उल्लेख गरिएको छ ।




अदालतले मिसिल संलग्न सिसिटिभी फुटेजको स्क्रिप्टसमेतका प्रमाणबाट अभियोग दाबी शङ्कारहित तवरले पुष्टि नभएको, पीडित र प्रतिवादीबीच होस्टल नजिकबाट प्रतिवादीको गाडीमा बसी नगरकोट गएको, रातको समयमा काठमाडौं होटल इनमा बसी भोलिपल्ट प्रतिवादीले पीडितलाई निजको होस्टलमा पुऱ्याउँदाका अवस्थासम्मका उल्लिखित घटनाक्रमलाई विश्लेषण गरी हेर्दा जबर्जस्ती करणीको कसुर भएको मान्न मिल्ने अवस्था नदेखिएको ठहर छ ।

फैसलामा भनिएको छ, 'प्रतिवादीलाई पीडित बालक ठहर गरी जबर्जस्ती करणी गरेको ठहऱ्याइ काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेको देखिन आएन ।' फैसलामा पीडित आफैंले प्रतिवादीलाई 'फ्रेन्ड रिक्वेस्ट' पठाएको, प्रतिवादीलाई 'स्न्याप च्याट'मार्फत फोटो पठाउने गरेको, प्रतिवादी आफूले क्रिकेट खेल्न विदेश गई दुई महिनापछि फर्केर आएर भेट्नेभन्दा पीडितले मलाई सहयोग गर्नुपऱ्यो भनेर तुरुन्तै भेट्न चाहेको विषयलाई पनि अदालतले लामिछानेमाथि जबर्जस्ती करणीको कसुर प्रमाणित नहुने आधारका रूपमा व्याख्या गरेको छ ।

फैसलामा लामिछानेले गाडी लिएर आउँदा स्वस्फूर्त रूपमा पीडित गाडीमा गइबसेको, नगरकोट जाँदासमेत पीडितले कुनै प्रतिकार नगरेको र प्रतिवादीले नगरकोटबाट पीडितलाई 'चाँडै जाउँ, तिम्रो होस्टेल बन्द हुन्छ' भन्दा 'होस्टेल जुनसुकै बखत खुला हुन्छ' भनी प्रतिवादीलाई विश्वास दिलाएको र नगरकोटको होटल प्रतिवादी (सन्दीप)ले 'बुक' गराएको भन्ने तथ्य पुष्टि नभएको जस्ता आधारमा टेकेर अदालतले सन्दीपलाई सफाइ दिएको उल्लेख छ ।

जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले गत पुस २५ गते आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी पाँच लाख भराउने र गौशाला २६ को कमजोर आर्थिक अवस्थाको फाइदा उठाएको ठहर गरेको थियो । सो फैसलाविरुद्ध लामिछाने उच्च अदालत पाटन जानुभएको थियो । सो अदालतमा उक्त मुद्दाको सुनुवाइपछि लामिछानेलाई सफाइ हुने ठहर गरेको हो ।

गौशाला २६ माथिको बलात्कारको अभियोगमा लामिछानेविरुद्ध २०७९ भदौ २१ गते उजुरी परेपछि उनलाई गत असोज २० गते अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलबाट पक्राउ गरिएको थियो । उक्त मुद्दामा लामिछानेलाई अदालतले सफाइ दिएको छ ।

## महिला एसिया कप क्रिकेट

# नेपालको शानदार जित




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालले एसिसी महिला एसिया कप क्रिकेट २०२४ प्रतियोगिताअन्तर्गत आज भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई)लाई पराजित गरेको छ । श्रीलङकाको दम्बुल्ला अन्तर्राष्ट्रिय रङ्गशाला सम्पन्न खेलमा नेपालले युएईलाई छ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो । जितका लागि एक सय १६ रनको विजयी लक्ष्य पछ्याएको नेपालले १६ दशमलव एक ओभरमा चार विकेट गुमाउदै पूरा गऱ्यो ।

नेपालको लागि सम्झना खड्काले सर्वाधिक ७२ रनको योगदान दिइन । उनले ४५ बल खेल्ने क्रममा ११ चौका प्रहार गरिन् । त्यस्तै रुबिना क्षेत्रीले १० रन बनाइन भने सीता रानामगर र पुजा महतोले समान सात/सात रनको योगदान गरे । बलिङतर्फ युएईकी कभिशा इगोडागेले तीन विकेट लिइन् भने लभन्या केनीले एक विकेट लिइन ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय १५ रनको योगफल बनाएको थियो । युएईका लागि खुसी शर्माले ३९ बल दुई चौका प्रहार गर्दै ३६ रन बनाइन । त्यस्तै कविशा इगोडागो २२, समाइरा धरनिधर्कले १३ तथा कप्तान इशा रोहित ओजाले १० रन बनाइन । रिथिका राजित छ तथा लावन्या केनी दुई रनमा अविजित रहे । नेपालको लागि इन्दु बर्माले सर्वाधिक तीन विकेट लिइन् । त्यस्तै कृतिका मरासिनी, सबनम राई र कविता जोशीले समान एक/एक विकेट लिए । नेपालले अब आफनो दोस्रो खेल यही साउन ६ गते पाकिस्तानसँग खेल्नेछ ।



पूर्व चीनको झेजियाङ प्रान्तको झुजियाजियान झोउशान सिटीस्थित नान्शा क्षेत्रको समुद्र किनारमा रमाउँदै पर्यटक । तस्बिरः सिन्ह्वा

# राष्ट्रपति बाइडेनलाई माथिल्लो श्वासप्रश्वासमा हल्का समस्या



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेनले कोभिड-१९ संक्रमणसँग सम्बन्धित माथिल्लो श्वासप्रश्वासमा हल्का समस्याको लक्षण' अनुभव गरेको र चिकित्सकको सल्लाहमा प्याक्सलोभिडको डोज दिइएको ह्वाइट हाउसले जनाएको छ ।

बाइडेनका चिकित्सक डा. केभिन ओ कनरले अमेरिकी राष्ट्रपतिलाई ज्वरो नआएको र संक्रमणसँग सम्बन्धित अन्य लक्षणहरू पनि सामान्य रहेको बताएका छन् । डा. केभिन ओ कनरले भने 'राष्ट्रपतिले कोभिड-१९ संक्रमणका कारण माथिल्लो श्वासप्रश्वास नलीमा हल्का समस्या अनुभव गरिरहनुभएको छ । उहाँलाई प्याक्सलोभिड दिइराखेका छौं । उहाँलाई ज्वरो आएको छैन र अन्य महत्त्वपूर्ण लक्षणहरू सामान्य छन् ।'

'राष्ट्रपतिको अनुमति लिएर मैले पहिले जस्तै नियमित अपडेटहरू प्रदान गर्न जारी राख्ने छु,' उनले बताए । 'राष्ट्रपति बाइडेन डेलावेयर फर्केर आइसोलेसनमा बस्नुहुने छ । त्यस समयमा आफ्नो सबै कर्तव्यहरू पूर्णरूपमा पालन गर्न जारी राख्नुहुने छ,' ह्वाइटहाउसले बुधबार जारी गरेको विज्ञप्तिमा जनाएको थियो ।

लस भेगासमा आयोजित राष्ट्रिय सम्मेलनमा भाग लिएको एकदिन पछि ८१ वर्षीय राष्ट्रपति बाइडेनमा बुधबार कोभिड-१९ संक्रमण देखिएको हो । सकारात्मक परीक्षण गरेपछि बाइडेनले एक्समा एक पोस्टमा भने, 'मलाई कोरोना संक्रमण देखाएको छ तर म ठीक छु । शुभकामनाका लागि सबैलाई धन्यवाद दिन चाहन्छु ।' 'म निको नहुँदासम्म आइसोलेसनमा हुने छु र यस अवधिमा म अमेरिकी जनताप्रतिको मेरो कर्तव्य पूरा गर्न जारी राख्ने छु,' उनले थप बताए ।

राष्ट्रपतिको डाक्टरले बाइडेनमा सामान्य अस्वस्थताका साथै हल्का रुघाखोकी र माथिल्लो श्वासप्रश्वास नलीमा समस्याका लक्षणहरू रहेको खुलासा गरेका छन् । यसअघि सन् २०२२ को जुलाईमा बाइडेन पहिलोपटक कोभिड संक्रमित भएका थिए । *रासस⁄एएनआई*

## प्रदर्शनकारीद्वारा बंगलादेशका सरकारी भवनमा आगजनी

**ढाका, बंगलादेश–** बंगलादेशमा जारी आरक्षणविरोधी आन्दोलनका क्रममा प्रदर्शनकारीले एकैदिन धेरै सरकारी भवनहरूमा आगो लगाइदिएका छन् । बंगलादेश प्रहरीले जारी गरेको विज्ञप्तिमा सरकारी प्रसारण संस्था बिटिभी, राष्ट्रिय विपद् व्यवस्थापन निकाय, प्रहरी संरचना र अन्य सरकारी भवनहरूमा प्रदर्शनकारीले आगलागी, तोडफोडलगायत विनासकारी गतिविधि गरेको उल्लेख छ ।

बंगलादेश सरकारले बाहिरी विश्वसँगको सम्पर्क सञ्जाल अवरुद्ध गर्न चालेको कदमपछि आन्दोलनकारीले यस्ता गतिविधि गरेको बिहीबार जारी विज्ञप्तिमा जनाइएको छ । प्रहरीले हालसम्म अधिकतम धैर्यता कायम गरेको उल्लेख गर्दै विनासकारी गतिविधि जारी रहे कानुनको अधिकतम प्रयोग गर्न बाध्य हुनेसमेत जनाएको छ ।

निजामती सेवामा आरक्षणलगायत भर्नासम्बन्धी नियमहरूमाथि विद्यार्थीले विरोध जनाउँदै सुरु भएको प्रदर्शन तथा झडपमा यो हप्तामा ३९ जनाको मृत्यु भएको छ भने बिहीबार एकै दिनमा सबैभन्दा धेरै ३२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । बिहीबारको झडपमा १०४ जना प्रहरी अधिकारी, ३० पत्रकारसहित जम्मा ७०२ जना घाइते भएको निजी प्रसारण संस्था इन्डिपेन्डेन्ट टेलिभिजन नेटवर्कले जनाएको छ । बंगलादेशका ६४ वटा जिल्लामध्ये बिहीबार कम्तीमा २६ जिल्लामा झडप भएको नेटवर्कले जनाएको छ । *रासस⁄एएफपी*

## फार्मास्युटिकल इनोभेसन पार्क निर्माण गर्ने योजनामा चीन

**बेइजिङ, चीन–** चीनले दक्षिणी उपनगरमा अन्तर्राष्ट्रिय 'फार्मास्युटिकल इनोभेसन पार्क' निर्माण गरी चिकित्सा तथा स्वास्थ्य क्षेत्रमा विश्वव्यापी वैज्ञानिकलाई आकर्षित गर्ने योजना सार्वजनिक गरेको छ । पार्क बेइजिङ इ-टाउनका नामले प्रख्यात बेइजिङ आर्थिक-प्राविधिक विकास क्षेत्रमा अवस्थित हुने छ । बिहीबार समाप्त एसियाका लागि बोआओ फोरमको ग्लोबल हेल्थ फोरमको तेस्रो सम्मेलनमा यस्तो घोषणा गरिएको थियो ।

करिव ५.८ वर्ग किलोमिटरको योजनाबद्ध क्षेत्रको साथ, पार्कले अन्तर्राष्ट्रिय कर्पोरेट मुख्यालयको समूह प्रस्तुत गरी विश्वस्तरीय विशेष अस्पताल र औषधि सम्बन्धित उद्योगको प्रोत्साहनमा ध्यान केन्द्रित गर्ने छ । 'पार्कले मात्रात्मक जीवविज्ञान, नयाँ पुस्ताको उच्च प्रविधि र उपचारात्मक जिन सम्पादन प्रविधिजस्ता स्वास्थ्यका सीमावर्ती क्षेत्रलाई लक्षित गर्ने छ,' बेइजिङ इ-टाउन व्यवस्थापन समितिका निर्देशक कोङले बताए । *रासस⁄सिन्ह्वा*

## भगवानको कृपाले म बाँचे : ट्रम्प

मिल्वाकी- पूर्व अमेरिकी राष्ट्रपति एवं रिपब्लिकन राष्ट्रपति पदका उम्मेदवार डोनाल्ड ट्रम्पले बिहीबार भएको आक्रमणको वर्णन गर्दै आफू भगवानको कृपाले बाँचेको बताएका छन् । पेन्सिलभेनियामा आयोजित चुनावी ऱ्यालीमा गोली प्रहारबाट घाइते भएका ट्रम्पले मिल्वाकीमा आयोजित रिपब्लिकन सम्मेलनलाई सम्बोधन गर्दै भने 'म आज राति यहाँ हुने थिइनँ ।'

ट्रम्पले घटनाको स्मरण गर्दै भने, 'मैले चर्को आवाज सुनेँ र मेरो दाहिने कानमा चोट लागेको महसुस गरें । मैले तत्काल आफ्नो कानमा हात लगे जुन रगतले ढाकिएको थियो । हामीमाथि आक्रमण भइरहेको छ भन्ने मलाई तुरुन्तै थाहा भइहाल्यो ।'

सिक्रेट सर्भिसका कर्मचारीहरूले गोली चलिरहेकै अवस्थामा स्टेजमा पुगेर आफूलाई सुरक्षित स्थानमा लगेको उनले बताए । 'यदि मैले गोली प्रहार भएको अन्तिम क्षणमा टाउको नचलाएको भए हत्याराको गोली निशानामा लाग्ने थियो । र म आज राति यहाँ हुने थिइनँ । हामी सँगै हुने थिएनौं,' ट्रम्पले भने । *रासस⁄एएफपी*

# 'माइक्रोसफ्ट एज्योर'मा समस्या आउँदा उडानमा विश्वव्यापी समस्या

पेरिस- शुक्रबार विश्वव्यापी कम्प्युटर प्रणालीमा ठूलो अवरोध उत्पन्न हुँदा संयुक्त राज्य अमेरिकामा उडानहरू अवरूद्ध भएका थिए भने बेलायतमा टेलिभिजन प्रसारणहरू अवरुद्ध भएका थिए र अस्ट्रेलियामा दूरसञ्चार सेवा नै प्रभावित भए ।

'माइक्रोसफ्ट एज्योरमा देखिएको प्राविधिक समस्या' का कारण विश्वव्यापीरूपमा उडानमा ढिलाइ वा अवरोधहरू भएको हुनसक्ने फ्रान्स, बेलायत, संयुक्त राज्य अमेरिका, भारतलगायतका प्रसिद्ध विमान कम्पनीहरूले शुक्रबार जानकारी गराएका थिए ।

माइक्रोसफ्ट एज्योर वा जस्ट एज्योर, माइक्रोसफ्टद्वारा विकसित क्लाउड कम्प्युटिङ प्लेटफर्म हो र यसले व्यक्ति, कम्पनी र सरकारलाई अनुप्रयोग र सेवाहरूको व्यवस्थापन, पहुँच र विकास प्रदान गर्दछ । अमेरिकी संघीय उड्डयन प्रशासनका अनुसार डेल्टा, युनाइटेड र अमेरिकन एयरलाइन्सलगायत प्रमुख अमेरिकी वायु सेवा प्रदायक कम्पनीहरूले सञ्चारको समस्याका कारण शुक्रबार सबै उडानहरू ग्राउन्डेड गरेका थिए ।

जर्मनीको बर्लिन ब्रान्डेनबर्ग विमानस्थलमा 'प्राविधिक समस्या' का कारण उडान स्थगन गरिएको एक प्रवक्ताले एएफपीलाई बताए । 'चेक-इन गर्न ढिलाइ भएको छ, र उडानहरू स्थानीय समयानुसार बिहान ८:00 बजेसम्म रद्द गर्नुपरेको छ,' उनले बताए ।

स्पेनका सबै विमानस्थलमा 'आइटी आउटेज'का कारण 'व्यावधान' उत्पन्न भएको र यसले शुक्रबार विश्वभरका कयौं कम्पनीहरूलाई प्रभावित पारेको विमानस्थल सञ्चालक आइनाले बताएका छन् । हङकङको विमानस्थलले पनि केही एयरलाइन्स प्रभावित भएको बताएको छ र अवरोधलाई माइक्रोसफ्ट आउटेजसँग जोडेको छ ।

बेलायतको सबैभन्दा ठूलो रेल अपरेटरले आइटी समस्याहरूको कारण सम्भावित रेल रद्द हुने चेतावनी दिएको छ । अनलाइन पोस्ट गरिएका फोटोहरूमा अस्ट्रेलियाको सिड्नी विमानस्थलमा ठूलो लाइन लागेको देखाइएको छ ।

सिड्नी विमानस्थलका प्रवक्ताले भने, 'अहिले उडानहरू आइरहेका छन् र प्रस्थान गरिरहेका छन् तर साँझसम्म केही ढिलाइ हुन सक्छ । हामीले हाम्रा एयरलाइन्स साझेदारहरूसँग हाम्रो आकस्मिक योजनाहरू सक्रिय गरेका छौं र यात्रुहरूलाई सहयोग गर्न हाम्रो टर्मिनलमा थप कर्मचारीहरू तैनाथ गरेका छौं ।'

अस्ट्रेलियाको राष्ट्रिय साइबर सुरक्षा संयोजकले 'थर्ड पार्टी सफ्टवेयर प्लेटफर्म'को समस्याका कारण ठूलो परिमाणमा प्राविधिक अवरोध भएको र ह्याकरको संलग्नताबारे अहिलेसम्म कुनै जानकारी नआएको बताए ।

बेलायतको स्काई न्युजले यस गडबडीका कारण बिहानको समाचार प्रसारण बन्द भएको जनाएको छ भने अस्ट्रेलियाली प्रसिद्ध टेलीभिजन (एबिसी) ले पनि ठूलो 'आउटेज' भएको जनाएको छ । अस्ट्रेलियाको सबैभन्दा ठूलो सुपरमार्केट चेनमध्ये एकमा केही 'सेल्फ चेकआउट टर्मिनल'मा अवरोध आएको थियो ।

न्युजिल्याण्डका सञ्चारमाध्यमका अनुसार देशको संसद्भित्र रहेका बैंक तथा कम्प्युटर प्रणालीमा समस्या आएको बताएका छन् । अस्ट्रेलियाली दूरसञ्चार कम्पनी टेल्स्ट्राले माइक्रोसफ्ट र साइबर सुरक्षा कम्पनी क्राउडस्ट्राइकले उपलब्ध गराएको 'विश्वव्यापी समस्या'का कारण विद्युत् आपूर्ति बन्द भएको जनाएको छ ।

माइक्रोसफ्टले विभिन्न माइक्रोसफ्ट ३६५ एप्स र सेवाहरूमा पहुँच गर्ने प्रयोगकर्ताहरूको क्षमतामा असर पार्ने समस्याको अनुसन्धान गरिरहेको बताएको छ । माइक्रोसफ्टले आफ्नो पछिल्लो अपडेटमा भनेको छ, 'हामी समस्यालाई कम गर्न प्रभावित ट्राफिकलाई वैकल्पिक प्रणालीमा पुनः पठाउन काम गर्दै छौं । हाम्रा सेवाहरूमा अझै पनि निरन्तर सुधार भइरहेको छ । हामी न्यूनीकरण कार्य जारी राख्छौं ।'

### भारतीय विमान कम्पनीद्वारा पनि धैर्य रहन आग्रह


यसैबीच भारतीय समाचार संस्था एएनआईले भारतको राजधानी नयाँदिल्लीबाट सम्प्रेषित समाचारमा भारतका एयरलाइन्सले नेटवर्कमा रहेको आफ्नो प्रणाली प्रभावित भएको शुक्रबार जानकारी दिएका उल्लेख गरेको छ । उडानका बारेमा जानकारीका लागि यात्रुले आ-आफ्नो एयरलाइन्समा सम्पर्क गर्न आग्रह गरिएको थियो ।

'नेटवर्कमा हाम्रो प्रणालीहरू माइक्रोसफ्ट एज्योरको साथ चलिरहेको समस्याबाट प्रभावित छन्, जसको परिणामस्वरूप हाम्रो सम्पर्क केन्द्रहरू र विमानस्थलहरूमा प्रतीक्षा समय बढेको छ । तपाईंले ढिलो चेक-इन र लामो लाइनको अनुभव गर्न सक्नुहुने छ,' भारतीय विमान कम्पनी इन्डिगोले सेवाग्राहीका लागि जारी सूचनामा भनेको छ ।

'हामी सबै डेकमा छौं र स्थिरता र सामान्य स्थिति बहाल गर्न अथक रूपमा काम गरिरहेका छौं । हाम्रो डिजिटल समूहले माइक्रोसफ्ट एज्योरसँग पनि नजिकबाट समन्वय गरिरहेको छ ताकि यी समस्याहरू छिटो समाधान गर्न सकियोस् । हामी यस समयमा तपाईंको धैर्य र समझदारीको सराहना गर्दछौं,' इन्डिगोद्वारा जारी सूचनामा भनिएको छ ।

भारतको अर्को विमान कम्पनी अकासा एयरले पनि यस्तै अवरोध भएको जनाएको छ । अकासा एयरले भनेको छ, 'सेवा प्रदायकसँग पूर्वाधारको समस्याका कारण, 'बुकिङ, चेक-इन र व्यवस्थापनसम्बन्धी सेवासहित हाम्रा केही अनलाइन सेवाहरू अस्थायीरूपमा अवरोध हुने देखिएको छ ।'

'तपाईंको धैर्यता र सहयोगका लागि धन्यवाद,' स्पाइसजेटले सामाजिक सञ्जाल एक्समा जारी एक संक्षिप्त जानकारीमा उल्लेख गरेको छ, 'सेवाहरूमा व्यावधानका कारण प्रभावित उडानहरू वा यात्रुहरूको संख्यासहित सटिक विवरणहरू तत्काल उपलब्ध गराउन असमर्थ छौं ।' *रासस⁄एएफपी*




## त्रुटि सच्याइएको क्राउडस्ट्राइकका अधिकारीको भनाइ

**पेरिस–** शुक्रबार विश्वभरका विमानस्थल, बैंक र सञ्चार माध्यमलाई प्रभावित गर्ने विश्वव्यापी सूचना प्रविधि अवरोधको कारण बनेको त्रुटिलाई सच्याइएको क्राउडस्ट्राइकका लागि एक फिक्स प्रयोग गरिएको क्राउडस्ट्राइक एन्टिभाइरस फर्मका प्रमुख कार्यकारी अधिकृतले शुक्रबार बताएका छन् ।

क्राउडस्ट्राइक अमेरिकी साबर सुरक्षा प्रविधि कम्पनी हो । 'क्राउडस्ट्राइकले विन्डोज होस्टहरूका लागि एकल सामग्री अद्यावधिकमा फेला परेको त्रुटिबाट प्रभावित ग्राहकहरूसँग तत्काल सम्पर्क गरी यस समस्याको पहिचान गरिएको छ । समस्याको समाधानसँगै सबै अवरूद्धता हटेको छ,' सिइओ जर्ज कुर्ट्जले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एक सन्देश लेख्दै भने ।

शुक्रबार विश्वव्यापी कम्प्युटर प्रणालीमा ठूलो अवरोध उत्पन्न हुँदा विश्वभरको उडान र दूरसञ्चार सेवा तथा यसबाट लिइने अन्य अनलाइन सेवाहरू प्रभावित बनेका थिए । 'माइक्रोसफ्ट एज्योरमा देखिएको प्राविधिक समस्या' का कारण विश्वव्यापीरूपमा उडानमा ढिलाइ वा अवरोधहरू भएको हुनसक्ने फ्रान्स, बेलायत, संयुक्त राज्य अमेरिका, भारतलगायतका प्रसिद्ध विमान कम्पनीहरूले शुक्रबार बताएका थिए । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४७५०० | प्रति तोला - १४६८०० | प्रति तोला - १८३० |




**साउने रोपाइँ** | बाँकेको खजुरा गाउँपालिका-१ राधापुरस्थित खेतमा धान रोप्दै किसान । साउनको पहिलो सातासम्म बाँकेका आधा खेतमा रोपाइँ सकिएको छ ।

*तस्बिरः भेषराज बस्नेत/रासस*

# ‘निराशा चिरेर अर्थतन्त्र सुदृढ बनाउँछौं’

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले जनतामा रहेको निराशा चिरेर अर्थतन्त्रलाई सुदृढ बनाउनु नै आफू नेतृत्वको सरकारको प्रमुख ध्येय भएको बताएका छन् ।

नेपाल उद्योग परिसंघका पदाधिकारीसँग भएको छलफलमा प्रधानमन्त्री ओलीले मुलुकमा देखिएका समस्या समाधान र केही परिवर्तनकारी काम गर्नका लागि आफ्नो नेतृत्वमा नयाँ सरकार गठन भएको प्रस्ट पारे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्षसमेत रहेका ओलीले पदका लागि मात्रै आफू पुनः प्रधानमन्त्री जिम्मेवारीमा नआएको बताउँदै भने, ‘म यसअघि नै प्रधानमन्त्री बनिसकेको हो, पदका लागि मात्रै पुनः जिम्मेवारीमा आएको होइन, केही न केही नयाँ काम गरौं, मुलुकको समस्या समाधानमा योगदान गरौं भनेर जिम्मेवारी लिएको हो ।’

प्रधानमन्त्री ओलीले अर्थतन्त्रलाई सुदृढ र चलायमान बनाउनेतर्फ सरकारको विशेष रुचि र ध्यान रहेको बताए । ‘विद्यमान समस्या समाधान तथा अर्थतन्त्रलाई सुदृढ बनाउनु नै वर्तमान सरकारको प्रमुख ध्येय हो, म प्रधानमन्त्री बन्नका लागि मात्र आएको होइन,’ प्रधानमन्त्री ओलीले भने, ‘देशमा रहेका समस्याको समाधान गर्न र परिवर्तनका लागि काम गर्नैपर्छ भन्ने दृढतासहित आएको हुँ, त्यसैले निजी क्षेत्रले यो सरकारप्रति आशा, भरोसा राखेर सँगससँगै मिलेर काम गर्नुपर्छ ।’

नेपाल राष्ट्र बैङ्कले ल्याउन लागेको मौद्रिक नीति कठोर नहुने सङ्केत गर्दै उनले अर्थतन्त्रलाई चलायमान बनाउन मौद्रिक नीति कठोर हुन नहुने स्पष्ट पारे । प्रधानमन्त्रीसँगको भेटमा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले विगत तीन वर्षदेखि शिथिल अर्थतन्त्रलाई उकास्न उच्च प्राथमिकताका साथ काम गर्न प्रधानमन्त्रीसँग निजी क्षेत्रका तर्फबाट आग्रह गरे ।

अध्यक्ष अग्रवालले उत्पादनशील र निर्माण क्षेत्र बढी प्रभावित हुँदा बाह्य क्षेत्र उत्साहजनक भए पनि आन्तरिक अर्थतन्त्र अझै समस्यामा रहेको तथ्यसहित अग्रवालले निजी क्षेत्रको मनोबल बढाउनुपर्नेमा जोड दिए । उनले मौद्रिक नीतिमार्फत शिथिल रहेको अर्थतन्त्रलाई चलायमान बनाउन सक्नुपर्ने धारणा पनि अग्रवालले राखे ।

# निर्माण व्यवसायीको भुक्तानी रोकिँदैन : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निर्माण व्यवसायीको भुक्तान गर्न बाँकी रकम चाँडै उपलब्ध गराइने बताएका छन् । नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलसँग शुक्रबार अर्थ मन्त्रालयमा कुरा गर्दै मन्त्री पौडेलले निर्माण व्यवसायीको भुक्तानी रोकिँदा सन्देश गलत गएको उल्लेख गरे । निर्माण व्यवसायीको रकम अविलम्ब भुक्तान गर्नेबारे विकास निर्माणसँग सम्बन्धित मन्त्रालयका सचिवहरूसँग छलफल गरेको उनले बताए ।

‘सरकार र निर्माण व्यवसायी एउटै डुङ्गाका यात्री हुन्, दुवै पक्षले सहकार्य गरी अघि बढ्नुको विकल्प छैन’, मन्त्री पौडेलले भने । निर्माण व्यवसायीका अन्य समस्या क्रमशः सम्बोधन हुने उनको भनाइ थियो । व्यवसायीले तोकिएको रकममा समयमै गुणस्तरीय कार्य गर्नुपर्ने मन्त्री पौडेलले खाँचो औँल्याए । निर्माण व्यवसायी नै मुलुकको विकासका अभियन्ता भएकाले सरकारलाई भरोसा गरी आत्म गौरवका साथ कार्य गर्न उनले निर्माण व्यवसायीलाई सुझाव दिए । मुलुकको व्यवस्था फेरिए पनि अवस्था नफेरिएको उल्लेख गर्दै मन्त्री पौडेलले समस्या देखाउने नभई समाधान गर्ने ढङ्गले अघि बढ्ने प्रतिबद्धता जनाए ।

महासङ्घ अध्यक्ष रवि सिंहले मन्त्री पौडेल समक्ष निर्माण उद्योगलाई पनि कृषि तथा जलस्रोत क्षेत्रको जस्तै सहुलियत दिन आग्रह गरे । महासङ्घको प्रतिनिधिमण्डलले शुक्रबार नै भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई भेटेर निर्माण उद्योगमा देखिएको भुक्तानीलगायतका समस्याबारे जानकारी गराएको छ । जवाफमा मन्त्री दाहालले ‘लो बिडिङ’ का कारण निर्माण उद्योगमा धेरै जटिलता देखिएकाले कानून संशोधन गरेर भए पनि उक्त समस्या हल गर्ने प्रतिबद्धता जनाए ।

**निजी क्षेत्रको माग सम्बोधन गर्न प्रतिबद्ध**

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निजी क्षेत्रको माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । अर्थ मन्त्रालयमा नेपाल चेम्बर अफ कमर्सले नवनियुक्त अर्थमन्त्री पौडेललाई बधाई तथा शुभकामना दिने क्रममा उनले निजी क्षेत्रको माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताएका हुन् ।

वर्तमान सरकार राजनीतिक र आर्थिक स्थिरताका लागि गठन भएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन सरकार प्रयासरत रहेको बताए । उनले भने, ‘सरकारप्रति आशा र भरोसा गर्नुहोस्, तत्काल गर्न सकिने काम यो वर्ष र बाँकी विषयहरू बजेटमै सम्बोधन गरेरै भए पनि निजी क्षेत्रको मागलाई सम्बोधन गर्छौं ।’

चेम्बर अफ कमर्सले नीतिगत स्थायित्व र अर्थतन्त्रलाई चलायमान बनाउन ४० बुँदे सुझावसहित चेम्बर कार्यसमितिले अर्थमन्त्री पौडेलसमक्ष सिंहदरबारमा भेटवार्ता गरेको हो । सो अवसरमा अध्यक्ष कमलेशकुमार अग्रवाल सहितको चेम्बर केन्द्रीय कार्य समितिले नवनियुक्त अर्थमन्त्री पौडेललाई बधाई एवं सफल कार्यकालको शुभकामना दिए ।

आर्थिक गतिविधिमा आएको सङ्कुचनले माग र आपूर्तिबीच असन्तुलन, निजी क्षेत्रको सम्पत्तिमा सङ्कुचन एवं बैंक तथा वित्तीय संस्थामा तरलता भए पनि निजी क्षेत्रमा लगानीप्रति आकर्षण नभएकोप्रति चेम्बर अध्यक्ष अग्रवालले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराए । कालोसूचीमा पर्न लागेका उद्यमी-व्यवसायीलाई उद्योग-व्यवसायको प्रकृति हेरेर आवश्यकताअनुसार बैङ्क तथा वित्तीय संस्थासँगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुनःतालिकीकरण गर्न समेत चेम्बरले सरकारको ध्यानाकर्षण गराएको छ ।

## काजु खेतीमा उपमेयर काफ्ले

**पथरी (प्रस)–** मोरङ पथरी शनिश्चरे नगरपालिकाका उप-प्रमुख देवीमाया काफ्ले काजु खेतीमा पुगेकी छिन् । अनुगमन समिति संयोजक काफ्लेले काजु खेती र काजुको बिरुवा उत्पादनको अनुगमन गरेका हुन् । पथरी शनिश्चरे-३ का पूर्वशिक्षक भुवनेश्वर पोखेलले काजु खेती गरी प्रशस्त बिरुवा उत्पादन गरिरहेको समाचार सुनेपछि उप-प्रमुख काफ्ले सोको अनुगमन गर्न गएका हुन् । अनुगमनको क्रममा पोखेलले भन्नुभयो-‘मैले यो काजुको बिरुवा भारतबाट ल्याएको हुँ, ३ वर्षपछिदेखि फल्न सुरु गऱ्यो, अहिले आम्दानीको हिसावले पनि राम्रै गरिरहेको छ ।’ पोखरेलले नगरसँग समन्वय गरी काजु खेतीलाई प्रोत्साहन गर्न काफ्लेलाई अनुरोध गरिन् ।

# बर्दिया राष्ट्रिय निकुञ्ज आउने पर्यटक बढे

■ प्रभाव संवाददाता

**गुलरिया (बर्दिया)–** पश्चिम तराईको पर्यटकीय गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्जमा आउने पर्यटकको संख्या बढेको छ । निकुञ्जमा बाघ, घडियाल, विभिन्न प्रजातिका चराचुरुङ्गीलगायत जैविकविविधता हेर्न आउने पर्यटकको चहलपहल बढेको हो ।

कोभिडपछि थलिएको यहाँको पर्यटन व्यावसाय पछिल्ला वर्षयतादेखि केही आशा पलाएको निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले बताए । निकुञ्जमा पर्यटक बढेपछि पर्यापर्यटनको राजस्वमा उल्लेख्य वृद्धि भएको उनले जानकारी दिए ।

आर्थिक वर्ष २०७९/८० मा आन्तरिक, सार्क र विदेशी पर्यटक गरी २४ हजार तीन सय २४ जना पर्यटकले निकुञ्ज अवलोकन गरेका छन् । सोबापत निकुञ्जलाई रु दुई करोड २२ लाख आम्दानी भएको वाग्लेले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा स्वदेशी, सार्क र विदेशी गरी २६ हजार एक सय ३१ जना पर्यटक निकुञ्ज भित्रिएका छन् । गत आवमा निकुञ्जले रु दुई करोड ८४ लाख पर्यापर्यटनमार्फत आम्दानी गरेको छ ।

पर्यटकको संख्या वृद्धि भएसँगै निकुञ्जले प्रवाह गर्ने सेवा, पर्यटकीय पूर्वाधार निर्माणलगायत पक्षलाई जोड दिइएको अधिकृत वाग्लेले बताए । जङ्गल ‘वाक’ र ‘ड्राइभ’का लागि वनपथ निर्माण, मचान निर्माण, कोर एरिया व्यवस्थापन गरिएको उनले जानकारी दिए ।

निकुञ्जभित्रको पूर्वाधारसँगसँगै पर्यटकको बासका लागि होटल, होमस्टेलगायत आवास व्यवस्थापनमा पहल थालिएको वाग्लेले बताए । जिल्लाका पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेसँगै यहाँका पर्यटन व्यवसायी र स्थानीय खुशी भएका छन् ।

पर्यटक बढेसँगै पर्यटकीय क्षेत्रमा सञ्चालित होटलमा स्थानीय उत्पादन खपत हुँदा स्थानीयको आयआर्जनमा टेवा पुगेको पर्यटन व्यवसायी रामजी थापाले बताए । यहाँ आउने पर्यटकले स्थानीय थारु सँस्कृतिसँगै विभिन्न स्थानीय परिकार खान रुचाउने गरेका उहाँको भनाइ छ ।

‘यहाँको अनुपम जैविकविविधता देखेपछि विदेशी पर्यटक आश्चर्य मान्छन् । निकुञ्जभित्र पर्यटकलाई कुनै समस्या छैन । सफारीमा जङ्गलभित्र गाडी बिग्रिएपछि निकुञ्जले उद्धार गर्ने गरेको छ’, थापाले भने । निकुञ्ज क्षेत्रमा ३० भन्दा बढी पर्यटकीय होटल तथा होमस्टे भएकाले पर्यटकलाई आवासको समस्या नभएको निकुञ्जका पथ प्रर्दशक अनुराम चौधरीले बताए । ‘अधिकांश विदेशी पर्यटक जङ्गलमा हिडेर अवलोकन गर्न रुचाउँछन् । अन्य देशका पर्यटक सफारी रोज्छन् । जङ्गलमा डढेलो लागेको अवस्था बाहेक अन्य समयमा पर्यटक जङ्गलभित्र रमाइलो मान्छन्’, उनले भने ।

निकुञ्जमा बाघ, विभिन्न प्रजातिका वनस्पतीसँगै लोपोन्मुख तथा दुर्लभ जनावर, हात्ती, बाघ, गैंडा, विभिन्न किसिमका पक्षी, जलचर, थलचर, उभयचरलगायत वन्यजन्तु अवलोकन गर्न पाइन्छ । विशेष गरी गर्मी महिनामा पर्यटकले अत्याधिक मात्रामा बाघ देख्ने गरेका छन् । अहिले निकुञ्जमा हात्तीको झुण्ड देख्न सकिन्छ ।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

**वर्गीकृत डिस्प्ले**

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन ।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ